जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक ८८ • २०८० साल साउन ३१ गते बुधबार (16 August, Wednesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

# जग्गाको कित्ताकाट खुल्यो

## आजै देखि कार्यान्वयनमा ल्याउन निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । मन्त्रीपरिषद्ले भूउपयोग नियमावली संशोधन पारित गर्दै जग्गाको कित्ताकाट खुलाएको छ । मंगलबार बसेको मन्त्री परिषद्को बैठकले नियमावली संशोधनको निर्णय गरेको एक मन्त्रीले जानकारी दिए।

नियमावली संशोधनपछि अब सरकारले स्थानीय तहबाट जग्गाको वर्गीकरण नभए पनि कित्ताकाट गर्ने बाटो खुल्ने भएको छ । 'अब पुरानै अवस्थामा कित्ताकाट खुलेको छ,' एक मन्त्रीले बताए। जग्गाको कित्ताकाट रोकिएका कारण मुलुकको आर्थिक गतिविधि नै सुस्त भएको भन्दै प्रधानमन्त्री प्रचण्डले यसअघि नै कित्ताकाट खोल्ने तयारी गरेका थिए।

गत वैशाखमा पनि मन्त्रिपयरिषद्ले नियमावली संशोधन गरी कित्ताकाट खुला गर्ने निर्णय गरेको थियो। तर, त्यो संशोधनमा केही अस्पष्टता रहेका कारण कार्यान्वयन गर्न नसकिएको



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा मङ्गलबार बसेको मन्त्रिपरिषद्को बैठकमा सहभागी प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' तथा मन्त्रीगणहरु। *तस्बिर : रासस*

व्यावसायिक आवासमा स्थानीय सडकको मापदण्ड पूरा भएको बाटोघाटो भएका जग्गाहरुको मापदण्ड पनि कायम गर्ने गरी नियमावली ल्याउने भएको छ।

यसअघि कृषि जमिन उपत्यकामा ५ सय वर्गमिटर र तराई र भित्री मधेसमा ६७५ वर्ग मिटरभन्दा कम कित्ताकाट गर्न

पत्राचार गरेको थियो', उनले भने, 'सोही आधारमा मन्त्रीपरिषद् आर्थिक तथा पुर्वाधार समतिले भू-उपयोग नियमावलीको प्रस्तावित संशोधनले जग्गाको कित्ताकाटमा देखा परेको समस्या एवम् असहजता र त्यसले अर्थतन्त्र चलायमान गराउन आइपरेको कठिनाइ समाधान

सहकारी तथा गरिबी निवारण मन्त्रालय स्रोतले बतायो।

वर्गीकरण गरेर छुट्याएको जग्गामा कृषिको लागि एउटा, आवास र व्यावसायिकमा अर्को मापदण्डको व्यवस्था हुने गरी नियमावली संशोधन भएको उनको भनाइ छ। 'व्यावसायिक र आवासमा स्थानीय सडकको मापदण्ड पूरा भएको बाटोघाटो भएका जग्गाहरुको मागदण्ड पनि कायम गर्नेगरी नियमावली संशोधन भएको छ,' उनले भने।

भू-उपयोग नियमावलीले जमिनलाई कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल, सिमसार सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र र सरकारले तोकेको अन्य क्षेत्र भनेर वर्गीकरण गर्न सक्ने व्यवस्था भएको थियो । सोही नियमावलीमा सरकारले कृषि र गैरकृषि जमिन नछुट्याई निश्चित वर्गीकरण नभएका जग्गाको कित्ताकाट नहुने व्यवस्था गरेको थियो । यो व्यवस्थापछि मुलुकभरको जग्गाको कित्ताकाट प्रभावित बनेको थियो।

यो व्यवस्थाका कारण जग्गा खरिद-बिक्रीमात्रै नभएर अंशवण्डामै असर पर्ने भएपछि स्थानीय तहले भू-उपयोग परिषद् बाट आफ्नो क्षेत्रका जमिनको वर्गीकरण थालेका थिए। हालसम्म १९१ स्थानीय तहले जग्गाको वर्गीकरण गरेको भूमि व्यवस्था तथा अभिलेख विभागका प्रवक्ता निर्माणकुमार कार्की बताउँछन् । मन्त्रिपरिषद्वाट मंगलबार बाटनै किता काट खोल्नुपर्ने निर्णय गरेका छन्।

> गत वैशाखमा पनि मन्त्रिपयरिषद्ले नियमावली संशोधन गरी कित्ताकाट खुला गर्ने निर्णय गरेको थियो । तर, त्यो संशोधनमा केही अस्पष्टता रहेका कारण कार्यान्वयन गर्न नसकिएको भन्दै भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र मातहतका कार्यालयले कार्यान्वयन नगरेपछि पुन: नियमावली संशोधन गरेको छ ।

भन्दै भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र मातहतका कार्यालयले कार्यान्वयन नगरेपछि पुनः नियमावली संशोधन गरेको छ।

जग्गासँग जोडिएको सबै समस्या समाधान गर्ने गरी नियमावली संशोधन भएको र जग्गा कित्ताकाट, नामसारी लगायतका सबै काम अब सहज हुने उनले बताए।

आवासीय र व्यापारिक जग्गा ८० वर्गफिटसम्म कित्ताकाट गर्न पाइने, खेतीयोग्य जग्गा १ रोपनीसम्म कित्ताकाट गर्न पाइने गरी प्रस्ताव मन्त्रिपरिषद्मा लगिएको थियो । सरकारले वर्गीकरण गरेर छुट्याएको जग्गामा कृषि, आवास र व्यावसायिकका लागि छुट्टाछुट्टै मापदण्ड र नपाइने व्यवस्था थियो। आवासीय जग्गा १३० वर्गमिटरभन्दा कम कित्ताकाट गर्न पाईदैन थियो।

यसअघि साउन ५ मै नियमावली संशोधनको प्रस्ताव मन्त्रीपरिषद्मा गएको थियो । मन्त्रीपरिषद्को आर्थिक तथा पूर्वाधार समितिले गरेको सिफारिसका आधारमा नियमावली संशोधन गरेको ती मन्त्रीले बताए । ' मालपोत कार्यालयबाट कित्ताकाट सम्बन्धित कार्यहरु सम्पादन गर्दा भूउपायोग नियमावलीको २०७९ को नियम १२ मा भएको हदभन्दा कम क्षेत्रफल कित्ताकाट गर्ने सम्बन्धमा द्विविधा भई नेपाल सरकारबाट नीतिगत निर्णय हुनुपर्ने भनी भूमी व्यवस्थापन तथा अभिलेख विभागले गरेको गर्न नसकिने देखिएको निष्कर्ष निकाल्यो।'

समितिको सिफारिसका आधारमा कित्ताकाटलाई पुर्ववत अवस्थामा सहज गराई उक्त समस्या समाधान गर्नेगरी गरेको भूमि व्यवस्था मन्त्रालयले भु-उपयोग पहिलो संशोधन नियमावली २०८० को प्रस्ताव मन्त्रीपरिषद्मा पेश गरेको र र मन्त्रीपरिषद्ले त्यसलाई पारित गरेको उनले जानकारी दिए।

'अब कुनै जग्गा व्यावसायिक वर्गीकरणमा परेको छ भने कित्ताकाट नहुने भन्ने समस्या रहँदैन । अंशबण्डा गर्दा न्यूनतम् यति जग्गा हुनै पर्छ भन्ने पनि अब समस्या हुँदैन। मोही बाँडफाँटको पनि कित्ताकाट रोकिएको थियो, त्यो पनि खुल्छ,' भूमिसुधार,

# भारतको ७७औं स्वतन्त्रता दिवस मनाइयो

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाल स्थित भारतीय राजदूतावासमा मंगलबार भारतको ७७औं स्वतन्त्रता दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ।

यो उत्सव भारतको स्वतन्त्रताको ७५ वर्षको ऐतिहासिक क्षणलाई स्मरण गर्न भारत सरकारले सन् २०२१ मार्चमा शुभारम्भ गरेको ' आजादी का अमृत महोत्सव' कै एक हिस्साको रुपमा रहेको दूतावासले जनाएको छ। नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले भारतको राष्ट्रिय झण्डा झण्डोत्तोलन गरेसँगै सो समारोहको शुभारम्भ गरिएको थियो। राजदूत श्रीवास्तवले नेपालमा रहेका भारतीय डायस्पोराका सदस्यलाई स्वतन्त्रता दिवसको शुभकामना दिएका थिए।

कार्यक्रममा भारतका राष्ट्रपति द्रौपदी मुर्मूले राष्ट्रका नाममा गरेको सम्बोधन भिडियोमार्फत प्रस्तुत गरिएको थियो। राष्ट्रपतिले आफ्नो सन्देशमा भारतको स्वतन्त्रता प्राप्तिका लागि स्वतन्त्रता सेनानीले गरेका बलिदानको स्मरण गर्दै देशले विभिन्न क्षेत्रमा हासिल गरेका उपलब्धिबारे चर्चा गरेका थिए।

राष्ट्रपति मुर्मूले भारतको गाथाप्रति भारतीय डायस्पोरामा आफूले नयाँ विश्वास देखेको उल्लेख गर्दै विकास एवं मानवीय लक्ष्यलाई विश्वभर प्रवर्द्धन गर्न भारतले महत्त्वपूर्ण भूमिका खेल्दै आएको बताएका थिए। उनले अन्तर्राष्ट्रिय मञ्चमा भारतले निर्वाह गरेको नेतृत्वदायी भूमिका विशेष गरी जी-२० को अध्यक्षताबारे उल्लेख गरेका थिए।

दूतावासले भारतीय सशस्त्र बलका मृतक गोर्खा सैनिकका श्रीमती र निकटतम नातेदारलाई रु पाँच करोड ३३ लाख रकम वितरण गरी सम्मान गरिएको थियो। कार्यक्रममा दूतावासको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र र केन्द्रीय विद्यालय काठमाडौँका विद्यार्थीले देशभक्ति गीतका साथै अन्य प्रस्तुति प्रस्तुत गरेका थिए।

## आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

**हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौं।**

### लक्षणहरु

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



### रोकथामका उपायहरु

**भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ। त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौं।**

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने।

**भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन। यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ। स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं।**

**राजपुर नगरपालिका**
**राजपुर, रौतहट, मधेश प्रदेश, नेपाल**

'जनमन सँ जनजन धरि'

# रेडियो टुडे

# ९१ मेगाहर्ज




रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ
मनोरञ्जन ल क
निरन्तर १८ घण्टा
अहाँक संग

सुझाव आ प्रतिकृयाकलेल
०४१-५२७५९१, ५२३८६७

भिन्सर ५ बजे सँ राति ११ बजे धरि

# नदी प्रभावित क्षेत्रको निरीक्षण



**टुडे समाचारदाता**

मलंगवा। मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री समिम र स्वास्थ्यमन्त्री वीरेन्द्रप्रसाद सिंहले सर्लाहीको पश्चिमी भेगस्थित बागमती नदी प्रभावित क्षेत्रको निरीक्षण गरेका छन्।

अविरल वर्षासँगै बागमतीमा आएको बाढीले विभिन्न स्थानमा कटान तथा डुबानको अवस्था सिर्जना भइरहेका बेला प्रदेश सरकारका मन्त्रीद्वय समिम र सिंहले बागमती नदी प्रभावित क्षेत्रको निरीक्षण गरेका छन्।

उनीहरूले बागमती नदीको हजरिया, महिनाथपुर, खैर्वालगायतको स्थानमा पुगेर नदीको कटान तथा बाढीको अवस्थाबारे जानकारी लिएका छन्। केही दिनदेखि वर्षा भइरहँदा सर्लाही र रौतहटको सीमा भएर बग्ने बागमती नदीमा जल सतह बढिरहेको छ। सो सन्दर्भमा प्रदेशकाद्वय मन्त्री आएर स्थानीय प्रहरी प्रशासनसहित अनुगमन गरेर फर्किए। त्यस क्रममा मन्त्रीद्वयले सुरक्षा निकायका प्रमुखलाई अस्थायी तटबन्ध निर्माणमा जुटेर बस्ती तथा खेतबारी जोगाउने काममा लाग्न निर्देशन दिएका थिए।

बागमती तथा लखन्देहीले कटान गरेको हजरिया, महिनाथपुर, खैर्वालगायतको स्थानमा अस्थायी तटबन्ध निर्माण भइरहेको छ।

# पदाधिकारीको विवादले दलित विकास समिति निष्क्रिय

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश सरकारद्वारा गठित दलित विकास समिति निष्क्रिय बन्न पुगेको धारणा व्यक्त गरिएको छ। प्रदेश दलित सशक्तिकरण ऐन र नियमावली कार्यान्वयनको अवस्था र चुनौती विषयक छलफल कार्यक्रमका सहभागीहरुले सो धारणा राख्दै निष्क्रियताको मूल कारक समितिका पदाधिकारीहरुको आपसी विवाद भएको बताए।

दलित जनकल्याण युवा क्लब लहानद्वारा जनकपुरधाममा आयोजित कार्यक्रममा विवादका कारण कार्यक्रम, योजना, आवश्यकता, मुद्दा, समस्या समान, उत्थानको कार्यान्वयन पक्ष गौण बन्न पुगेको प्रसंग उल्लेख गरिएको थियो।

सरकारले बजेटमा क्रमिक रुपले वृद्धि गर्दै गए पनि ऐन र नियमावलीमा विरोधाभास छ, उपाध्यक्षलाई सुविधा छ र सदस्यलाई सुविधाविहीन बनाइएकाले आपसी द्वन्द्वको अवस्था रहेको सहभागीहरुले बताए।

सहभागहिरुले समितिका नेतृत्वकर्ता दलितको उत्थानभन्दा पनि योजना र कार्यक्रम आफ्नै परिजनलाई दिनुपर्ने विवादमा अल्झेका कारण बजेटसमेत सदुपयोग हुन नसकेको तथ्य प्रस्तुत गरे।

समितिका मूल नेतृत्वकर्ता समितिभन्दा पनि बाह्य गतिविधिमा क्रियाशील रहने गरेको, योजना र कार्यक्रम आफ्नै आफन्त र



समुदायका संस्थालाई नै हुनुपर्ने विवाद गर्ने गरेको सहभागीहरुले समस्या उजागर गरेका थिए। हरबा चरबाको समस्या समाधान गर्न प्रयास दलित विकास समितिले नगरेको भन्दै सहभागीहरुले लक्षित वर्गको उत्थानका लागि विनियोजन गरिएको रकम आफूहरुलाई जानकारी नरहेको बताए।

जनता आवास कार्यक्रम अन्तर्गत सुरक्षित वासको व्यवस्था नगरिएका कारण हरबा चरवाको पीडा थपिदै गएको सहभागीहरुले धारणा राखेका थिए। नीति तथा योजना आयोगका उपाध्यक्ष नाथुराम चौधरीले दलित विकास समितिका पदधिकारीमा एक अर्कामा फुटले गर्दा भद्रगोलको अवस्था छ बताए समितिका पदाधिकारीमा समन्वय, समझदारी, सहअस्तित्वको बोध नभएका कारण पदाधिकारीहरु आ-आफ्नै मादल बजाउँदै हिडि राखेको विडम्बनापूर्ण स्थिति विद्यमान रहेको उनले चर्चा गरे। दलित उत्थानमूलक कार्यक्रम सञ्चालन गर्न सरकारले यस पटक रु. १२ करोडको बजेटको व्यवस्था गरेको जानकारी दिँदै उनले समितिका नेतृत्वकतार्ले कार्य नगरेकै कारण ऐन र नियमावलीमाथि टिप्पणी हुने गरेको बताए।

शिक्षा मन्त्रालयका सचिव लक्ष्मीप्रसाद भट्टराईले ऐन र नियमावलीमा परिमार्जनका आवश्यक रहेको बताउँदै समितिका उपाध्यक्ष समिति, ऐन, नियमावली कार्यान्वयन, योजना र कार्यक्रमप्रति उदासीन रहेकाले लक्षित वर्गको असन्तुष्टि बढ्दै गएको विचार राखे, दलितको उत्गान गर्न बहुपक्षीय कार्यक्रम सञ्चालनमा जोड दिँदै उनले समितिका उपाध्यक्षको गतिविधि सन्तोषजनक नरहेको बताए।

दलित अभियानी मणि विश्वकर्माले दलित सशक्तिकरण ऐनको बारेमा प्रायः स्थानीय तहका जनप्रतिनिधिले अनभिज्ञता जनाउनु, ऐन कार्यान्वयनमा कठिनाइ, स्थानीय तहको अनुगमन समिति र दलित विकास समितिबीच समन्वय कसले गरिदिने भन्ने अन्योल रहेको बताए।

स्वास्थ्य उपचार सम्बन्धी व्यवस्था र रासन कार्ड उपलब्ध गराउने भन्ने बारेमा पनि चुनौती रहेको उनले स्पष्ट गरे। अधिवक्ता बालाराम भट्टराईले समितिको पदाधिकारीको क्रियाशीलताको अभावका काराण ऐन, नियमावलीको कार्यान्वयन स्थिति हरियो घांसझैं भएकोतर्फ ध्यानाकर्षण गराए।

हरबा चरबा अभियानी दशरन मण्डलले साहु महाजनको कार्य, खाना, घर, जग्गा, औषधि, उपचार, स्वास्थ्य समस्याको समाधानप्रति आशावादी भए पनि दलित विकास समितिले समस्या निदानलाई गौण बनाएकाले दुख, वेदना, पीडा थपिदै गएको बताए। क्लबका अध्यक्ष उमेश कुमारको अध्यक्षतामा भएको कार्यक्रममा नागेन्द्र सदा, श्यामसुन्दर सदा, पार्वती मण्डलले हरबा हरबा, ऐन, नियमावलीको कार्यान्वयनको चुनौती, दलितको समस्याबारे ध्यानाकर्षण गराएका थिए।

# विद्यार्थीलाई पोशाक तथा छात्रवृत्ति वितरण

**रञ्जन यादव**

कलैया। बाराको सिमरा स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयले विद्यार्थीहरुलाई पोशाक तथा छात्रवृत्ति वितरण गरेको छ। जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुख राजन पौडेलले विद्यार्थीहरुलाई पोशाक र छात्रवृत्ति वितरण गरेका छन्। छात्रवृत्ति कार्यक्रममा नगर प्रमुख पौडेलले निर्वाचन जिते लगत्तै पदभार ग्रहण कार्यक्रममा गरेको पहिलो निर्णय पूरा गरेको बताएका छन्।



आर्थिक अवस्था कमजोर विद्यार्थीहरुलाई नयाँ एक जोडि कपडा किन्न दशै,तिहार नै कुर्नुपर्ने बाध्यता थियो। यसले केही हदसम्म भए पनि विद्यार्थीमा ड्रेस नभएर पर्ने मानसिक दबाबमा कमी ल्याउने विश्वास व्यक्त गरेका छन्। पोशाक उपमहानगरपालिकाको तर्फबाट निःशुल्क वितरण भइरहँदा यसले विद्यार्थीको संख्या पनि सामुदायिक विद्यालयहरुमा बढाएको जानकारी दिए।

विद्यालयमा अध्ययनरत कक्षा १ देखि ८ सम्मका सबै छात्राहरु र दलित विद्यार्थीहरु करीब ४ सय लाई छात्रवृत्ति वितरण गरिएको नेपाल राष्ट्रिय माध्यमिक विद्यालयले जनाएको छ।

वालविकास देखि कक्षा ५ सम्मका सबै बालबालिकाहरुलाई पोशाक वितरण गरिएको विद्यालयका लेखा अधिकृत उद्धव अधिकारीले जानकारी दिए।

पोशाक वितरण कार्यक्रममा नगरका शिक्षा महाशाखा प्रमुख शिवजी प्रसाद, वडा नम्बर २ का वडा अध्यक्ष धन वहादुर श्रेष्ठ, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गंगा वस्नेत, सदस्य कृष्ण कुमार अधिकारी, विद्यालयका प्रधानाध्यापक शंकर कुमार आचार्य, सहायक प्रधानाध्यापक अच्युतदेवसिटौला,खेमसुवेदीलगायत शिक्षक शिक्षिकाहरुको उपस्थिति रहेको थियो।

# अस्पताल घेराउ



**टुडे समाचारदात**

वीरगञ्ज। वीरगञ्जको गन्डक चोकमा रहेको वीरगञ्ज हेल्थ केयर अस्पताल घेराउ गरिएको छ। चिकित्सकहरुको लापरबाहीको कारण एक महिलाको मृत्यु भएको भन्दै उक्त अस्पताल घेराउ गरिएको छ।


उपचारका लागि भर्ना गराइएको महिलाको चिकित्सकको लापरबाहीका कारण भन्दै परिवारका सदस्य तथा उनका समर्थकहरुको ठूलो भिडले अस्पताललाई घेराउ गरेपछि अवस्था तनावपूर्ण बनेको छ।

उक्तम उपचार नपाएर सुत्केरी महिलाको मृत्यु भएको भन्दै उनका आफन्तजनले चिकित्सक र अस्पताललाई कारबाहीको माग गर्दै अस्पताल घेराउ गरेका छन्। अवस्था तनावग्रस्त भएपछि प्रहरी नायव उपरीक्षक निर्मल बुढाथोकी नेतृत्वमा प्रहरी परिचालन गरिएको थियो।

# 'एनसेल ईपीएललिग' प्रतियोगिता

**टुडे समाचारदाता**

काठमाण्डु। एनसेल आजियाटा लिमिटेडले हाल संचालनमा रहेको इंगलिस प्रिमियर लिग (ईपीएल) ०२३/२४ को अवसरमा एनसेल एपमा 'एनसेल इपीएल लिग'प्रतियोगिता सुरु गरेको छ।




यस प्रतियोगिताअन्तर्गत सहभागीग्राहकहरुले साप्ताहिक रुपमा रईपीएलसिजनको अन्त्यमातीनजनाले ग्रान्ड प्राइजअर्थात मुख्य पुरस्कार जित्ने मौका पाउँछन्। सहभागी एनसेलएपप्रयोगकर्ताहरुलेईपीएलका खेलहरूको आधारमा साप्ताहिक रूपमा फुटबलको नतिजाको पूर्वानुमान गर्नसक्छन्।

प्रतियोगितामा भागलिन प्रयोगकर्ताहरूले एपमा लगइन गरी एपको माथिल्लो दायाँ कुनामा रहेको ह्याम बर्गर आइकनमा गएर प्रेडिक्ट एन्ड विन भित्र गइ आवश्यक विवरणहरु भरेर खेलको पूर्वानुमान गरेर अंकमानतिजाहरु साप्ताहिक रुपमा भर्नसक्छन्।

ग्राहकहरुलाई साप्ताहिक रुपमा बोनस प्रश्न पनि सोधिने छ जब बाट १० अंक संकलन गर्न सकिन्छ र सही उत्तरमा केही पुरस्कार पनि प्राप्त गर्न सकिन्छ।

मुख्य पुरस्कारका रुपमापहिलो पुरस्कार विजेताले वायरफ्री सेवाको निःशुल्क डिभाइसका साथ १२ महिनासम्म प्रत्येक महिना २५० जीबी डेटा सेवापाउनेछ।

दोस्रो पुरस्कार विजयी ग्राहकले ६ महिनासम्म निःशुल्क वायर फ्री डिभाइसका साथप्रत्येक महिना २५० जीबी डेटा सेवाको फाइदालिन सक्नेछ। त्यसैगरी, तेस्रो विजेताले वायरफ्री सेवाको निःशुल्क डिभाइस र प्रतिमहिना २५० जीबी डेटा तीन महिनासम्म पाउनेछ। यति मात्र नभइ, विजेताहरूलाई उनीहरूको मनपर्ने टोलीको होम जर्सी र क्लबका सामानहरू पनि प्रदान गरिने छ। यो प्रतियोगिता ईपीएल सिजनको अन्त्य नभएसम्म अर्थात १९ मे ०२४ (जेठ ६,०८१) सम्म चल्नेछ।

# निःशुल्क आँखा परीक्षण

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको लालबन्दीस्थित नेपाल विद्युत् प्राधिकरणको वितरण केन्द्रका कर्मचारीलाई मंगलबार निःशुल्क



आँखा परीक्षण गरिएको छ। नेपाल नेत्रज्योति संघ भरतपुर आँखा अस्पतालद्धारा संचालित आँखा उपचार केन्द्र बयलवासको आयोजना तथा ईश्वरपुर नगरपालिकाको समन्वयमा वितरण केन्द्रमा काम गर्ने कर्मचारीको निःशुल्क रुपमा आँखा जाँच गरिएको छ।

अहिले जतातत्तै आँखा पाक्ने रोग देखा परिरहेकाले त्यसैलाई मध्यनजर गर्दै विद्युत्का सम्पूर्ण कर्मचारीको निःशुल्क आँखा जाँच गरिएको र प्राधिकरणले आफ्ना कर्मचारीलाई औषधि तथा चश्मा समेत निःशुल्क वितरण गरेको आँखा उपचार केन्द्रका उपाध्यक्ष प्रकाश मैनालीले बताए।


प्राधिकरणको वितरण केन्द्रका प्रमुख सन्जिवकुमार साहको अध्यक्षतामा आयोजित आँखा शिविरमा आँखाका स्वास्थ्यकर्मी चन्द्रमणि राम र राकेश प्रसाद साहले आँखा परीक्षण गरेका थिए।

# व्यवसायी महासंघ धनुषा अध्यक्षमा गणेश

**टुडे समाचारदाता**

जनकपुरधाम। गणेश साहको अध्यक्षतामा नेकपा एमाले निकट नेपाल उद्योग तथा व्यवसायी महासंघ धनुषा जिल्ला कमिटि गठन भएको छ। मंगलबार क्षीरेश्वरनाथ नगरपालिकाको केन्द्र महेन्द्रनगरमा आयोजित प्रथम जिल्ला अधिवेशनले साहको नेतृत्वमा ३१ सदस्सीय नयाँ कार्यसमिति चयन गरिएको छ।

कमिटिको उपाध्यक्षमा सकल किशोर पजियार र सुर्यनाथ यादव, सचिवमा रामकुमार चौधरी, उपसचिवहरुमा चन्दन किशोर साह र विहारी यादव चयन भएका छन् भने एक उपाध्यक्ष मिथिला नगरपालिका र कोषाध्यक्ष महिलाका लागि




तत्काल खाली राखिएको छ।

त्यसैगरी, सदस्यहरुमा राजकुमार महासेठ, शम्भु मुखिया, अनोज यादव, रंजित साह, वीरेन्द्र यादव, धर्मेन्द्र गुप्ता सहित ३१ जनाको कमिटि गठन भएको महासंघका केन्द्रीय सदस्य तथा एमाले धनुषा जिल्ला कमिटि सदस्य संजय साहले बताए। उनीहरुलाई सोही समारोहबीच महासंघका केन्द्रीय सचिव तथा मधेश प्रदेश ईन्चार्ज केदार बस्नेतले शपथ ग्रहण गराएका छन्। कार्यक्रममा बस्नेतसहितका वक्ताहरुले कांग्रेस तस्कार, ठग र यथास्थितिवादी व्यापारीहरुको मात्र पृष्टपोषण र संरक्षण अनि अगुवाइ गर्दै आएकाले वास्तिव व्यापारी र उद्यमीको हक, अधिकार र पहुँचका लागि एमालेले यो महासंघको स्थापना गरेको बताए। कार्यक्रममा प्रदेश सांसद शारदा देवी थापासहित एमालेका नेता कार्यक्रता र व्यवसायीहरुको उपस्थिति रहेको थियो।

## घर तथा सटर भाडाको लागि खाली

मिल्स एरिया शुभ चौक देखि जानकी मन्दिर जाने बाटोमा नयाँ फ्लैट पहिलो तल्लाको ठुलो कोठा-२, भन्सा घर-१, बाथरुम -२, पुजा कोठा-१, गेष्ट रुम-१, आधुनिक सुविधायुक्त भाडाको लागि घर खाली रहेकोले इच्छुक व्यक्ति निम्न नं. मा सम्पर्क गर्न अनुरोध छ।

**सम्पर्क नं.** ९८१७६८५५११

**नोट**:- शाकाहारीलाई विशेष ग्राहायता दिनेछ।

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८०/०३/०६ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : सुभाष यादव**
**सिम्बोल नं.:** २१७०१११०
**रजिष्ट्रेशन नं.:**७६१७११७५A
**ठेगाना:**जि.म. महोत्तरी गा.पा.-३
**मो.नं.**९८०९६९६८७४

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथून | : पारिवाहिक सुख। |
| कर्कट | : पुरस्कार प्राप्त लाभ। |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख। |
| कन्या | : नयाँ कार्य हुने। |
| तुला | : अवसर प्राप्त। |
| वृश्चिक | : शिक्षामा उन्नति। |
| धनु | : सुख समृद्धि हुने। |
| मकर | : धन बृद्धि सञ्चय। |
| कुम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : बौद्धिक क्षमता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरीको गेरुकाधाममा मङ्गलबार भक्तजनको भीड । तस्विर : रासस

# पुलका कारण कालोपत्र भएर पनि सहजरूपमा गुड्न सकेन गाडी



सिराहा । राष्ट्रिय गौरवका आयोजनामध्येको हुलाकी राजमार्गमा कालोपत्र भएकोसिरहा-सप्तरीसडकखण्डमै निर्माण सामग्री अलपत्र हुँदा सहजरूपमा सवारी सधन गुड्न नसकेर यात्रा जोखिमपूर्ण हुँदै आएको छ। पूर्व-पश्चिम हुलाकी राजमार्गको सिरहा र सप्तरी खण्डमा अधिकांश पुल निर्माण अलपत्र अवस्थामा रहेकाले यात्रुहरूले जोखिमी मोल्दै यात्रा गर्न बाध्य भएका हुन् ।

निर्माण गर्ने ठेक्का पाएका कम्पनी/व्यवसायीको ढिलासुस्तीका कारण अधिकांश पुल समयमा निर्माण सम्पन्न नहुँदा यात्रामा समेत समस्या भएको हो। सिरहाको औरही गाउँपालिका-५ स्थित गागन खोलामा पुल तीन वर्षभित्र निर्माणसक्ने भनी विसं २०७६ मै सम्झौता गरिएकामा पुल निर्माणको समयावधि सकिसक्दा तीन वर्षमा भौतिक प्रगति ७० प्रतिशतमात्र काम हुन नसकेको जनकपुधामस्थित हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालयका सूचना अधिकारी इन्जिनियर बेचनकुमार भण्डारीले बताउनुभयो ।

उहाँले निर्माण कम्पनीले म्याद थपका लागि निवेदन दिएको जानकारी दिनुभयो । पुलको पूर्व भगवानपुर-पश्चिम सदरमुकाम सिरहासम्मको सडकमा कालोपत्र सकिएको छ तर गागन खोलामा पुल निर्माण हुन नसक्दा सिरहाका एक दर्जनभन्दा बढी गाउँवासी जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । हिराचन रोशन कन्स्ट्रक्सन प्रालिमार्फत रोशन कन्स्ट्रक्सनले सो खोलाको पुल निर्माणको काम गर्दै आएको छ । हुलाकी सडकस्थित सिरहा खण्डको बलान नदीदेखि- कमला पुलसम्म २९ दशमलव ८८ किलोमिटर सडक कालोपत्र भईसके पनि गान खोलमा समयमा पुल नबन्दा सडकमा गाडी गुड्न सकेका छैन । भगवानपुरबाट सिरहाका लागि जाने सार्वजनिक बसलाई लहान हुँदै जानुपर्ने बाध्यता छ।

यसैगरी सप्तरी खण्डमा अर्को निर्माण कम्पनीले पुल निर्माणको कार्य अन्तिम चरणमा आएर अलपत्र अवस्थामा छाडेको छ। कञ्चनपुरदेखि बलान नदीसम्म ३२ किलोमिटरमध्ये राजविराजदेखि पश्चिम बलान नदीसम्मको २५ किलोमिटर सडक कालोपत्र भएर तयार भए पनि पुल निर्माण जिम्मा पाएका कम्पनीले समयमा पुलको काम सम्पन्न नगर्दा र पुल नजिक दुवैतिर सय/सय मिटरको भागमा ग्राभेल ओछ्याइएको छैन । सोही करण वर्षा भएपछि सडक हिलाम्मे हुने गरेको छ भने हिउँदमा धुलाम्यै हुने गरेको छ। ठेकेदार कम्पनीको लापरबाहीले सर्वसाधारण सास्ती खेप्न बाध्य भएका छन्। अहिले पश्चिम सप्तरीको भारतीय बजार लौकहासँग जोडिएको बेल्ही गाउँबाट दैनिक तीनवटा सार्वजनिक बस राजविराजका लागि चले पनि ठाउँठाउँमा पुल नजिक हिलाम्यै सडकमा गाडी अड्किएर समस्या हुने गरेको छ।

अहिलेसम्म पुल निर्माण कार्यले पूर्णता नपाएकाले सदरमुकाम राजविराज पुग्न निकै सास्ती भइरहेको सप्तरीको बलान बिहुल गाउँपालिका-४ रामशङ्कर भण्डारीले बताउनुभयो । उहाँले भने समयमा पुल निर्माण नहुनुमा निर्माण कम्पनीसँगै हुलाकी सडक योजना कार्यान्वय कार्यालयको पनि उदासीनता मुख्य रहेको आरोप लाग्नुभयो ।

बोदे बर्साइन नगरपालिका-५ का ब्रजेशकुमार यादवले भने सडक कालोपत्र हुनाका साथै हुलाकी सडक तयार भए पनि सडकको पुलनिर सामान्य समस्या अड्काएर सडकको हुर्मत राष्ट्रसेवक कर्मचारीले लिइरहेको आरोप लगाउनुभयो।

इटहरीस्थित हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालयका सब-इन्जिनियर अमोदकुमार भगतका अनुसार राजविराज पश्चिम पर्ने मुतनी, पम्प केनाल, कजरा दहलगायत पुलको ठेका म्याद सकिसकेको र निर्माण कम्पनीले म्याद थपाउन कार्यालयमा धाइरहेको छ।

कार्यालय र निर्माण कम्पनी प्रतिनिधिबीच भएको बैठकमा आउँदो बडादसैँभित्र पूर्णरुपले पुल र पुल नजिक सडक कालोपत्र हुने सहमति भएको उक्त कार्यालयका सूचना अधिकारी प्रमोद खतिवडाले बताउनुभयो ।

बोदे बर्साइन नगरपालिका-३ कुसमहारचौक र ६ का प्रितमपर कटहा नदीको पुलमा पनि कालोपत्र हुन सकेका छैन। रासस

> कार्यालय र निर्माण कम्पनी प्रतिनिधिबीच भएको बैठकमा आउँदो बडादसैँभित्र पूर्णरुपले पुल र पुल नजिक सडक कालोपत्र हुने सहमति भएको उक्त कार्यालयका सूचना अधिकारी प्रमोद खतिवडाले बताउनुभयो ।

# डेङ्गुबाट १३ हजार सङ्क्रमित, सतर्कता अपनाउन आग्रह



काठमाण्डु। देशभरि डेङ्गुको सङ्क्रमण दैनिक बढिरहेको छ। इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार हाल देशभरि ७४ जिल्लामा डेङ्गुको सङ्क्रमण फैलिँदा १३ हजार दुई सय ९२ जना बिरामी परेका छन् ।

डेङ्गुको सङ्क्रमणबाट हालसम्म १० जनाको मृत्यु भइसकेको छ । महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासिनीले लगातार परिरहेको पानीका कारण तथा सरसफाइमा ध्यान नदिँदा डेङ्गुको सङ्क्रमण बढिरहेको बताउनुभयो । उहाँले दैनिक सङ्क्रमण बढिरहेकाले सतर्कता अपनाउनु आग्रह गर्नुभयो।

"दैनिक डेङ्गुको सङ्क्रमण बढिरहेकाले सरसफाईसहित लामखुट्टेबाट बच्न सतर्कता अपनाउनुपर्दछ", निर्देशक डा मरासिनीले भन्नुभयो, "डेङ्गु सङ्क्रमण भदौ र असोजमा उच्च हुने जोखिम छ।"

नेपालमा पहिलो पटक सन् २००४ मा डेङ्गुको सङ्क्रमण देखिएको थियो। सन् २०२२ मा ५४ हजार सात सय ८४ जना डेङ्गुबाट सङ्क्रमित भएका थिए भने यसबाट ८८ जनाको मृत्यु भएको थियो।

**सुनसरीमा सात हजार सङ्क्रमित**

डेङ्गुको सङ्क्रमण सबैभन्दा बढी सुनसरीमा देखिएको छ । महाशाखाका अनुसार सुनसरीमा सात हजार ८९ जना डेङ्गुबाट सङ्क्रमित भएका छन् ।

यस्तै मोरङ एक हजार पाँच सय ९१, धादिङमा एक हजार दुई सय दुई, झापामा आठ सय ९६, कास्कीमा दुई सय ४७, धनकुटामा दुई सय ३६, काठमाडौँमा एक सय ९६, दार्चुलामा एक सय ९४, सङ्खुवासभामा एक सय ५६ तथा चितवनमा ९० जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ।

**कोशी प्रदेशमा बढी**

डेङ्गुको सङ्क्रमण सबैभन्दा बढी कोशी प्रदेशमा देखिएको छ। कोशीमा १० हजार एक सय ८२ जना यसबाट सङ्क्रमित भएका छन्।

यस्तै बागमती प्रदेशमा एक हजार सात सय ९३, गण्डकीमा पाँच सय १०, सुदूरपश्चिममा चार सय १७, लुम्बिनीमा दुई सय ६३, मधेसमा ९२ र कर्णाली प्रदेशमा ३६ जनामा डेङ्गुको सङ्क्रमण देखिएको महाखाले जनाएको छ।

मन्त्रालयले लामखुट्टेबाट बच्नका लागि सधैँ झूल टाँगेरमात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न अनुरोध गरेको छ । यस्तै सम्भव भएसम्म लामखुट्टे भगाउने धूप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपक्षी व्यवस्थित ढङ्गले पाल्न र घरवरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिन आग्रह गरेको छ। रासस

# प्रहरीको सरुवा, बढुवा र पदस्थापनमा मापदण्ड लागू

काठमाण्डु । नेपाल प्रहरीको सरुवा, बढुवा र पदस्थापनमा कार्यक्षमता, अनुभव र सेवा विशिष्टीकरण अनुकूलको मापदण्ड लागू भएको छ । प्रहरी प्रधान कार्यालयले 'प्रहरी कर्मचारीको सरुवासम्बन्धी मापदण्ड, २०७९' अनुसार प्रहरी निरीक्षकको सरुवा गरेको छ।

तालिमपश्चात 'पासआउट' भएका नयाँ तथा पुराना गरी नौ सय ५८ प्रहरी निरीक्षकको कार्यालय प्रमुख एवं सहायक दरबन्दीतर्फ सरुवा भएको छ । त्यस्तै ६४ प्रहरी निरीक्षकको बढुवा र पदस्थापन भएको छ।

मापदण्डमा प्रहरी निरीक्षक प्रमुख हुने कार्यालयलाई जनघनत्व, यातायातको पहुँच, आपराधिक घटनाको सङ्ख्या, भौगोलिक अवस्थितिलगायत आधारमा तीन श्रेणीमा वर्गीकरण गरिएको छ । 'क' र 'ख' श्रेणीका कार्यालयमा ज्येष्ठता एवं कार्यसम्पादनस्तरसमेतका आधारमा नदोहोरिने र आलोपालो हुने गरी कार्यालय प्रमुखको अवसर प्रदान गरिएको छ।

पहिलोपटक कार्यालय प्रमुखको अवसर प्राप्त गर्नेलाई अनिवार्यरुपमा 'ख' र 'ग' श्रेणीका कार्यालयमा मात्र सरुवा गरिएको छ । यसअघि नै काज सरुवामा मापदण्ड प्रतिकूल हुने गरी कार्यालय प्रमुखको रुपमा गएका प्रहरी निरीक्षकलाई फिर्ता बोलाइ मापदण्डबमोजिम कार्यालय प्रमुख वा सहायक दरबन्दीमा सरुवा गरिएको छ।

श्रेणी छुट्याएर मापदण्डअनुसार सरुवा, बढुवा र पदस्थापन हुन थालेपछि कुनै पनि दबाब र प्रभावको अर्थ नहुने गृह मन्त्रालयले जनाएको छ। पहुँचवालाले लगातार अवसर पाइरहने र पहुँच नहुने अवसरबाट वञ्चित हुनुपर्ने अवस्था अन्त्यका लागि मन्त्रालयले उक्त मापदण्ड बनाएको हो। रासस

# कक्षा १२ को नतिजा प्रकाशन अघिल्लो वर्षको तुलनामा सुधार



**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को वार्षिक परीक्षाको नतिजा सार्वजनिक गरेको छ । सार्वजनिक नतिजा अनुसार यो वर्ष ५०.०९ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

अर्थात उनीहरूले ग्रेडेड प्राप्त गरेका छन् । यो वर्षको परीक्षामा ४९.०९ प्रतिशत विद्यार्थीले नन ग्रेडेड (एनजी) आएको बोर्डका अध्यक्ष डा महाश्रम शर्माले जानकारी दिए । यो वर्ष गत वर्षको तुलनामा केही सुधार आएको बताए ।

नतिजा प्रकाशनका लागि बोर्डले दिउँसो बैठक बोलाएको थियो । नतिजा प्रकाशन गर्ने निर्णयपछि बोर्डले सार्वजनिक गरेको हो।

गत वैशाख २६ गतेदेखि जेठ ५ गते सम्पन्न परीक्षामा चार लाख ६७ हजार ३८९ विद्यार्थीले परीक्षा दिएका थिए। जसमा ५६ हजारभन्दा बढी विद्यार्थीले ग्रेड वृद्धिका लागि परीक्षा दिएका थिए।

लेटर ग्रेडिङ निर्देशिका अनुसार प्रत्येक विषयको सैद्धान्तिकतर्फ न्यूनतम ३५ प्रतिशत अङ्क प्राप्त गरेमात्रै विद्यार्थीले ग्रेडसिट प्राप्त गर्ने व्यवस्था छ । लेटर ग्रेडिङ निर्देशिकामा संशोधन गरेर जुन विषयमा नन ग्रेडेड (एनजी) हुन्छ त्यही विषयमा मात्रै ग्रेड वृद्धि परीक्षा दिनुपर्ने व्यवस्था गरिएको छ।

सोही आधारमा अब विद्यार्थीले जति विषयमा एनजी आएको छ त्यति विषयको मात्र ग्रेड वृद्धिको परीक्षा दिन पाउनेछन्। यसअघि दुईभन्दा बढी विषयमा एनजी आएमा अर्को वर्ष सबै विषयको परीक्षा दिनुपर्ने बाध्यता थियो।

गत वर्ष उक्त निर्देशिका संशोधन गरेर जति विषयमा एनजी आएको छ त्यतिको मात्र परीक्षा दिनपाउने व्यवस्था गरेको थियो।

**कक्षा १२ को नतिजामा अंग्रेजी विषयमा विद्यार्थी कमजोर**

कक्षा १२ को नतिजामा सबैभन्दा कमजोर अंग्रेजी विषयमा देखिएको छ। मंगलबार सार्वजनिक गरेको नतिजा अनुसार अंग्रेजी विषयमा सबैभन्दा बढी विद्यार्थीको एनजी आएको छ।

अंग्रेजीमा १ लाख ९ हजार ५२७ विद्यार्थीको नतिजा एनजी आएको बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले बताए। कक्षा १० को नतिजा हेर्दा गणित विषयमा धेरै विद्यार्थी कमजोर देखिएका थिए । तर, कक्षा १२ को नतिजाको हकमा भने अंग्रेजीमा सबैभन्दा बढी विद्यार्थीको एनजी आएको हो ।

धेरै विद्यार्थीहरू अंग्रेजी विषयमा कमजोर दिएको र अन्य विषयमा कम विद्यार्थीको एनजी आएको अध्यक्ष शर्माले बताए।

त्यस्तै नेपाली विषयमा ३८ हजार विद्यार्थीको एनजी आएको छ। गणित विषयमा भने ७ हजार ९०३ विद्यार्थीले एनजी ल्याएका छन्।

# दोषीलाई कानुनी दायरामा ल्याउन आयोगको आग्रह

काठमाण्डु । राष्ट्रिय मानवअधिकार आयोगले सप्तरी घटनामा संलग्न दोषीलाई कानुनी दायरामा ल्याएर कारबाही गर्न सरकारसँग आग्रह गरेको छ । आयोगले निष्पक्ष र प्रभावकारी अनुसन्धानमार्फत दोषीलाई कारबाही गरी उक्त घटनामा अधिकारकर्मीको सुरक्षामा ध्यान दिन आग्रह गरिएको छ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले आज जारी गरेको प्रेस विज्ञप्तिमा सेवाग्राहीले आफ्ना सेवा लिने क्रममा संयमित भई सेवा प्रवाह गर्ने निकायलाई मर्यादित व्यवहार गर्न सेवाग्राही, पत्रकार र अधिकारकर्मीलाई अनुरोध गरिएको छ।

सप्तरीको राजविराजमा यही साउन १५ गते मानव अधिकारकर्मी तथा पत्रकार मनोहर पोखरेललाई जिल्ला प्रहरी कार्यालय परिसरमा सेवाग्राहीको काम विशेषले गएको समयमा उक्त कार्यालयमा कार्यरत प्रहरीद्वारा कुटपिट तथा दुर्व्यवहार भएको थियो।

उक्त घटनालाई लिएर स्थानीय पत्रकार र अन्य सामाजिक सङ्घसंस्थाबाट निरन्तर भइरहेको विरोधका सम्बन्धमा आयोगले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । त्यस सम्बन्धमा आयोगको मधेस प्रदेश कार्यालयले स्वविवेकमा उजुरी ग्रहण गरी अनुसन्धान प्रक्रिया अगाडि बढाएको छ।

आयोगले जारी गरेको मानवअधिकार रक्षकसम्बन्धी मार्गनिर्देशिका, २०६९ मा मानवअधिकार रक्षकको संरक्षण र सुरक्षाको जिम्मेवारी राज्यले गर्नुपर्ने उल्लेख गरिएको छ।

गृह मन्त्रालयले जारी गरेको मानव अधिकारकर्मीको सुरक्षा र संरक्षणसम्बन्धी आदेश, २०७७ मा मानवअधिकार हननका विषयमा राज्यका निकाय वा पदाधिकारीले सूचना तथा जानकारी दिनुपर्ने, जानकारी लिने क्रममा हुने आक्रमणबाट शारीरिक, मानसिक वा आर्थिक क्षतिलाई रोक्न राज्यका सुरक्षा निकायबाट विशेष सतर्कता अपनाइने र क्षति पुर्याउने व्यक्ति वा पदाधिकारीविरुद्ध कानुनबमोजिम कारबाही चलाउने व्यवस्था उल्लेख गरिएको छ।

मानवअधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र १९९८ मा राज्यले मानवअधिकार रक्षकको अधिकार संरक्षणको विशेष व्यवस्था गर्नुपर्ने उल्लेख छ। उल्लिखत व्यवस्थाका बाबजुत नेपालमा मानवअधिकार रक्षकले सुरक्षित र भयरहित वातावरणमा कार्य गर्न नपाएको आयोगको प्रतिवेदनले औँल्याएको छ। रासस

> मानवअधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र १९९८ मा राज्यले मानवअधिकार रक्षकको अधिकार संरक्षणको विशेष व्यवस्था गर्नुपर्ने उल्लेख छ ।

# अब वर्षा कमहुँदै जान्छ, मौसम पूर्वानुमान महाशाखा



काठमाण्डु । गत शुक्रबार रातिदेखि परेको अविरल वर्षा हिजो सोमबारबाट केही कम भएको छ। शनिबार र आइतबारको तुलनामा अबको एक-दुई दिन वर्षा कम हुने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले पूर्वानुमान गरेको छ।

महाशाखका मौसमविद् रोजन लामिछानेका अनुसार अबको दुई/तीन दिन वर्षा धेरै हुने देखिँदैं । "मनसुन अबको दुई तीन दिन सक्रिय हुने देखिँदैन। यसको अर्थ वर्षा नै नहुने भन्ने होइन तर, निरन्तर र भारी वर्षाको सम्भावना छैन। शनिबार र आइतबार बढी वर्षा भयो, अब यो क्रमशः कम हुँदै जानेछ", उहाँले भन्नुभयो।

महाशाखाका अनुसार मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा उत्तरतिर छ। अबको केही दिन मनसुन न्यून चापीय रेखा सरदर स्थानभन्दा उत्तरतिर नै रहने हुनाले मनसुनी वर्षा कम हुने पूर्वानुमान गरिएको मौसमविद् लामिछानेले बताउनुभयो।

महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा अहिले देशभर आङ्शिकदेखि सामान्य बदली छ। कोशी र गण्डकी प्रदेशका केही स्थानमा तथा बाँकी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । कोशी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको समेत सम्भावना छ।

रातिको समयमा पनि कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका केही स्थानमा तथा बाँकी प्रदेशका एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

**नदी तटीय क्षेत्रमा सतर्कता अपनाउन अनुरोध**


वर्षाले नदीमा पानीको बहाव बढ्ने भएकाले नदी तटीय क्षेत्रमा आवश्यक सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभाग, बाढी पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ।

मंगलबार कोशी, नारायणी, कर्णाली, महाकाली, कन्काई, कमला, पूर्वी राप्ती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा जलसतह घट्दो र सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान रहेकाले नदी तटीय क्षेत्रमा सामान्य सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ।

मंगलबार ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सङ्खुवासभा, कास्की लमजुङ, बझाङ, बैतडी, दार्चुला, डडेलधुरा, कन्चनपुर र आसपास भई बहने केही स-साना नदीहरूमा बहाब बढ्नसक्ने पूर्वानुमान रहेकोले तटीय क्षेत्रमा सामान्य सनकर्ता अपनाउन महाशाखाले अनुरोध गरेको छ।

महाशाखाका अनुसार भोलि र पर्सी देशभरका प्रमुख नदीमा जलसतह घट्दो हुने तथा सतर्कता तहभन्दा तल हुने, नदी तटीय क्षेत्रका क्रियाकलाप उच्च सतर्कताका साथ गर्न सकिनेछ। रासस

जनकपुर टुडे
२०८० साल साउन ३१ गते बुधबार (16 August, Wednesday, 2023)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# भ्रष्टाचारीलाई कारवाही गर

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बाहिर समातिएको तस्करीको सुनबारे छानबिनलाई लिएर अहिले सत्ता पक्ष र प्रतिपक्षी दल आमनेसामने भएका छन्। प्रतिपक्षीले न्यायिक समिति बनाएर छानबिन गर्नुपर्ने माग उठाउँदै संसद चल्न दिएको छैन। सत्ता पक्षले केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले अनुसन्धान गरिरहेकाले थप समिति बनाउन आवश्यक नरहेको तर्क गर्दै आएको छ। एमालेले सुन तस्करी सत्ता संरक्षित सुनियोजित गैरकानुनी र आपराधिक क्रियाकलाप भएको आरोप लगाएको छ। सरकारले भने सीआईबीको छानबिनबाट दोषी देखिएका सबैलाई कारबाहीको दायरामा ल्याउने बताउँदै आएको छ। उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सरकारकै एउटा निकायले छानबिन गर्दैगर्दा अर्को छानबिन समिति बनाउन आवश्यक नभएको बताउँदै आएका छन्। सीआईबीले अहिले बरामद भएको सुनमा सुन तस्करी र संगठित अपराधमा अनुसन्धान गरिरहेको छ। सरकारले यसअघि बनाएका विभिन्न उच्चस्तरीय छानबिन समिति वा न्यायिक छानबिन समितिले गरेको छानबिनमा पनि प्रहरीकै सहयोग लिँदै आएको देखिन्छ। सत्तापक्ष सीआईबी कुनै राजनीतिक दलको नभएर राज्यकै एउटा अङ्ग भएकाले उसले गरेको छानबिनलाई विश्वास गर्नुपर्ने बताउँछ। तर, प्रतिपक्षी दल भने प्रहरीले सत्तापक्षको दबाबमा सीआईबीले छानबिनको दायरामा ल्याउनुपर्ने व्यक्तिलाई उन्मुक्ति दिनसक्ने भएकाले न्यायिक छानबिन समिति बनाउनुपर्ने अडानमा छ। सत्तापक्ष र विपक्षीको आ-आफ्नै अडानका कारण एकातिर संसद अवरोध भइरहेको छ। अवरोधकै कारण धेरै विधेयकहरु टेबल हुन पाएको छैन। सीआईबीको स्थापनाकालका पहिलो इन्चार्ज एवं नेपाल प्रहरीका पूर्व एआईजी राजेन्द्र सिंह भण्डारी प्रहरीको अनुसन्धानलाई अविश्वास गरिहाल्न नमिल्ने बताउँछन्। तर, प्रहरीले एउटै घटनामा संलग्न केहीलाई मुद्दा चलाउने र केहीलाई उन्मुक्ति दिन नहुने उनको भनाइ छ। छानबिन र अनुसन्धान फरक हो। अहिले एमालेले भनेजस्तो समिति बनाएर हुँदैन। बनाउने नै हो भने अधिकार सम्पन्न न्यायिक छानबिन आयोग बनाउनुपर्छ। तर, यसका लागि जाँचबुझ आयोग ऐनको दफा ४ संशोधन गर्नुपर्छ। उक्त आयोगलाई छानबिन गरी अभियोजनको जिम्मेवारी समेत दिनुपर्छ। अधिकारप्राप्त आयोग भएपछि ओम्नी, सुन, ललिता, वाईडबडी सबै छानबिन हुनु पर्छ। सत्ता पक्षका सांसदद्वय देवेन्द्र पौडेल र विश्वप्रकाश शर्माले सीआईबी कुनै राजनीतिक दलको नभएर राज्यकै एउटा अङ्ग भएकाले उसलाई काम गर्न दिने र अभियोजन प्रक्रियापछि चित्त नबुझे छानबिन आयोग वा समिति बनाउन माग राख्नु उचित हुने बताए पछि माहोल समेत फेरिएको छ। यस्तो माहोलमा दोषी उम्किनु पर्दैन्। दोषी जो कोही भए पनि कारवाही गर्नु पर्छ। दोषी उम्काएपछि फेरी ठूल ठूला यस्ता यस्ता काण्ड हुने निश्चित छ। त्यसैले दोषीलाई कारवाहीको दायरामा ल्याएरनै छाड्नु पर्छ।

# असहज बनेको भ्रष्टाचार नियन्त्रण

**बेनीबहादुर कार्की**

भ्रष्टाचारको जालोमा जेलिएको नेपालमा अहिले नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा प्रकरण र सय किलो सुन प्रकरण चर्चाको विषय बनेको छ। यसअघि भ्रष्टाचारको कारबाहीको सन्दर्भमा ठूला माछालाई कारबाही नभएकामा यसपटक पूर्व उपप्रधानमन्त्री तथा गृहमन्त्री, सरकारका बहालवाला सचिवसमेत १६ जना भुटानी शरणार्थी प्रकरणमा काठमाडौं जिल्ला अदालतको थुनछेकको आदेशले हाल केन्द्रीय कारागारमा रहेकाले पनि बढी चर्चा भएको हुनसक्छ। अन्य दुई काण्डमा भने हालसम्म योभन्दा धेरै संख्यामा काठमाडौं प्रहरीले हिरासतमा राखेर अनुसन्धान गरिरहेको र पक्राउ पर्नेको संख्या दिनदिनै बढिरहेको छ। संख्या जति बढे पनि आम जनताको माग भने पहिले झैं भरिया र बिचौलियालाई कारबाही गरेर ठूला माछालाई चोख्याउने काम गर्नु भएन, भ्रष्टाचारका सबै काण्डको फायल खोलेर जरोसम्म कारबाही गर्नुपर्छ भन्ने रहेको छ। अर्थात दोषी देखिए जो कोहीलाई कारबाही गर्नुपर्छ भन्ने नै हो।

नेपालमा भ्रष्टाचार नियन्त्रण गर्न २०४७ माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्थापना गरियो। यो आयोगलाई सक्रिय पारेर भ्रष्टाचार नियन्त्रण गर्न २०५९ सालमा भ्रष्टाचार नियन्त्रण ऐन आयो। सो ऐनको दफा २ ले जुनसुकै गलत कामलाई भ्रष्टाचार मानेको छ। यता व्यवहारमा भने भ्रष्टाचारीले भ्रष्टाचार गरेर लिएको रुपैयाँको नम्बर अख्तियारको प्रतिनिधिले नोट गरेर उजुरी गर्दासमेत कारबाही नभएका थुप्रै घटना पनि छन्। यसो हुनुको मूल कारण त्यो पदमा बस्ने मानिस इमान्दार नभई तल्लो तहदेखि नै गलत गर्दै आएको मानिसले नै अवसर पाएकाले यसो भएको हो भन्नै पर्ने हुन्छ। फलस्वरुप नेपाल विश्वका भ्रष्टाचारी देशहरूमा ५३ औं स्थानमा रहेको छ।

एक अध्ययनले नेपालमा ३० प्रतिशत नीतिगत, २७ प्रतिशत प्रक्रियागत र बाँकी साना र संस्थागत भ्रष्टाचार हुने गरेको देखाएको छ। यसरी भ्रष्टाचारको परिभाषा गरेर यो ऐन ल्याइसकेपछि पनि यसको जरो अझै भेटिएको छैन। यसको मूल कारण मन्त्रिपरिषद्को निर्णयको विरुद्ध कारबाही गर्न नपाइने प्रावधान भ्रष्टाचार नियन्त्रण ऐनमा गरेकाले नै आजको अवस्था आएको हो भन्न सकिन्छ। यो कानुन संशोधन नगरेसम्म नेपालबाट भ्रष्टाचार नियन्त्रण गर्न मुस्किल छ।

भ्रष्टाचार नियन्त्रण गर्ने निकाय असफल जस्ता देखिएका छन्। यही भएर अहिले भ्रष्टाचारीहरूलाई स्वयम् सरकारको निर्देशनमा कारबाही सुरु भएको छ। लामो समयसम्म भ्रष्टाचार नियन्त्रणको काम नभएकाले अति भएको अर्थमा यही साउन २१ गते सर्बोच्च अदालतबाट ललिता निवास जग्गा प्रकरणमा मन्त्रिपरिषदका सदस्यहरूलाई पनि कारबाही गर्न सकिने निर्देशन दिएकाले भ्रष्टाचारमा संलग्न उच्चपदस्थ अधिकारीलाई कारबाही गर्ने बाटो खुलेको छ। यसै सन्दर्भमा हालै राजश्वले सिआइबीलाई कारबाही गर्ने जिम्मा दिएको छ। यो कामले राजनीतिक शिर्ष नेतृत्वको भ्रष्टाचारको विरुद्ध इच्छाशक्ति भएमा भ्रष्टाचार नियन्त्रणको काम हुनसक्छ भन्ने पुष्टि भएको छ।

विगतमा राजनीतिक नेतृत्वले भ्रष्टाचार नियन्त्रण गर्न सकेको थिएन। विगतमा गलत भयो भनेर नेपालमा ०४६ सालमा ऐतिहासिक जनआन्दोलनबाट ३० वर्षे निरङ्कुश पञ्चायती व्यवस्था समाप्त गरेर बहुदलीय व्यवस्था पुर्नस्थापना भएको १० वर्षको अनुभवपछि पनि भ्रष्टाचार नियन्त्रण नभएकाले यसैलाई नियन्त्रण गर्ने उद्देश्यकै लागि २०५९ सालमा भ्रष्टाचार नियन्त्रण गर्न ऐन ल्याएको भए पनि यतिका वर्षपछि पनि मुलुकमा भ्रष्टाचारका ठूलाठूला काण्डहरू भएपनि अहिलेसम्म कुनैको पनि सतहसम्म निराकरण भएको छैन। केबल विवादैविवाद भइरहेको छ। हुन त ३० वर्षमा २८ वटा सरकार परिवर्तन भएर मुलुकमा स्थिर सरकार नभएकाले सुशासनको अभावले यस्तो भएको हुनसक्छ। तर यसो भनेर सधैं भ्रष्टचारी र गलत गरेकालाई छुट दिन हुँदैन, सकिंदैन। यसै गरिरहने हो भने पञ्चायती व्यवस्थालाई दोष लगाएर बहुदलीय र त्यो पनि भएन भनेर २०६२/६३ को आन्दोलन गरेर २४० वर्ष शासन गरेको राजसंस्थालाई २०६५ जेठ १५ गते संसदको निर्णयबाट विस्थापित गरेर ल्याएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको के अर्थ रहन्छ ? यो हाम्रा लागि अहम् प्रश्न भएको छ। यही प्रश्नको उत्तर नपाएर आम नेपाली जनता यतिबेला निराश भएका छन्।

> *विगतमा राजनीतिक नेतृत्वले भ्रष्टाचार नियन्त्रण गर्न सकेको थिएन। विगतमा गलत भयो भनेर नेपालमा ०४६ सालमा ऐतिहासिक जनआन्दोलनबाट ३० वर्षे निरङ्कुश पञ्चायती व्यवस्था समाप्त गरेर बहुदलीय व्यवस्था पुर्नस्थापना भएको १० वर्षको अनुभवपछि पनि भ्रष्टाचार नियन्त्रण नभएकाले यसैलाई नियन्त्रण गर्ने उद्देश्यकै लागि २०५९ सालमा भ्रष्टाचार नियन्त्रण गर्न ऐन ल्याएको भए पनि यतिका वर्षपछि पनि मुलुकमा भ्रष्टाचारका ठूलाठूला काण्डहरू भएपनि अहिलेसम्म कुनैको पनि सतहसम्म निराकरण भएको छैन। केबल विवादैविवाद भइरहेको छ।*

विरोधका स्वरहरू चर्किरहेका छन्। नयाँ दलका नयाँ अनुहारहरूले जनताको समर्थन पाएर स्थापित भइरहेका छन्। यसो भएकाले अहिलेको राजनीतिक प्रणालीमा ३० औं वर्षदेखि शासन गर्दै आएका ठूला दलका शिर्ष नेताहरूको अगाडि चुनौतीको चाङ खडा भएको छ। यसको तत्काल समाधान गर्न सबै मिलेर भ्रष्टाचार नियन्त्रण गर्नुको विकल्प छैन।

अहिले नेपालमा अनौठो अभ्यास भइरहेको छ। हुन त यस्तो अभ्यास बहुदलको पुर्नस्थापनापछि पनि भएकै हो। त्यो ठीक भएन, विकृति ल्यायो भनेर राजनीतिक प्रणाली नै फेरेपछि पनि उस्तै भइरहनु भनेको बिडम्बना नै हो। यतिबेला माओवादीका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले तेस्रो पटक सरकारको नेतृत्व गरिरहनु भएको छ। विगतको अनुभवले हो वा अहिलेका चुनौती र जनभावना बुझेर हो वर्तमान सरकारले हिम्मतका साथ भ्रष्टाचारका तीन ठूला विषयमा कारबाही प्रक्रिया अगाडि बढाएको छ र भ्रष्टाचारीलाई कारबाही गर्ने सवालमा यो दल वा व्यक्ति नभनी बिना कुनै सम्झौता कारबाही गर्ने प्रतिबद्धता पटकपटक दोहोराएर उप प्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठसमेतले आमरूपमा प्रशंशा पाइरहनु भएको छ। यद्यपि, यी विषयहरूम नाम मुछिएका व्यक्तिहरूसमेतलाई कारबाहीको दायरामा ल्याउनुपर्ने आम माग यथावत नै छ। अहिले भइरहेको कारबाहीले पनि पहिलेकै पुनराबृत्ति हुने हो कि भन्ने आशङ्का पनि कतिपयले गर्ने गरेका छन्। यही शङ्काको घेराको सन्दर्भलाई आधार बनाएर सय किलो सुनकाण्डमा निष्पक्ष छानबिनका लागि उच्चस्तरीय आयोग गठनको माग राखेर प्रमुख प्रतिपक्षी नेकपा(एमाले) ले केही दिनदेखि संसद अबरुद्ध गरिरहेको छ।

कतिपयले भने नेपालमा सुन तस्करी पञ्चायतीकालदेखि हालसम्म नियन्त्रण नभएको र यो अहिलेसम्मकै ठूलो सुन काण्ड भएकाले निष्पक्ष अनुसन्धान र दोषीलाई कारबाही गर्नका लागि अलग्गै छानबिन समिति गठनको मागलाई पक्ष विपक्षमा आफ्ना तर्कहरू दिइरहेका छन्। थरीथरीका तर्क आइरहेको भएपनि समग्रमा पहिले भएझैं अब कारबाही हात्तीको देखाउने दाँत हुनु भएन, भ्रष्टाचारका सबै काण्डहरूको चुरोसम्म पुगेर मुख्य दोषीलाई समेत कारबाही हुनुपर्छ भन्ने भनाइ आमरूपमा रहेको छ। भ्रष्टाचारको विरुद्धमा जरोसम्म पुगेर उच्चपदस्थ व्यक्तिलाई समेत कारबाही नगरे अब जनता सहने अवस्थामा देखिदैनन्। यस्तै भइरहने हो भने नेपालमा पनि भ्रष्टाचारको बिरुद्धमा बङ्गलादेशको घट्ना पुनराबृति नहोला भन्न सकिन्न।

अहिलेसम्म नेपालमा भइरहेको वास्तविकता के हो भने भ्रष्टाचार नियन्त्रण गर्न जे जुन कानुन बने पनि र नियन्त्रण गर्ने पदमा जो रहे पनि भ्रष्टाचार नियन्त्रण हुन सकेको छैन। भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न स्थापना भएका निकाय र सतनका पदाधिकारीहरू असफल मात्र भएनन् बरु उल्टै भ्रष्टाचारका पृष्ठपोषकका रूपमा देखिए। अख्तियार प्रमुख आयुक्त र आयुक्त नै भ्रष्टाचारको आरोपमा कारबाहीमा परेको बिडम्बनापुर्ण अवस्था रहेको छ। यही कारण भ्रष्टाचार झन्झन् व्यापकरूपमा फैलिएर गयो। यस्तै भइरहने हो भने वर्तमान राजनीतिक प्रणालीलाई नै असर पर्न सक्छ। मुलुकमा भ्रष्टाचार संस्थागत भएको कारणले हिजो सबैको नजरमा केही नभएको नांगो मानिस केही वर्षमै राजनीतिको आडमा अरबपतिको रूपमा खडा भए। सात पुस्तालाई पुग्ने सम्पत्ति केही वर्षमै कमाएकाले धनी झन् धनी हुँदै गए भने गरिब झन् गरिब। समाजले पनि जसरी कमाए पनि धनीलाई सम्मान गर्ने र गरिबलाई हेप्ने गरेकाले न सरकारले भ्रष्टाचारीलाई सजाय गर्न सक्यो न त समाजले नै न्याय गर्न सक्यो। यसो भएकाले डरलाग्दो रूपमा समाजमा धनी र गरिबको खाडल र विकृतिहरू बढेर गयो।

समाजवादको नारा दिएको राजनीतिक प्रणालीमा यो नारामा मात्र सीमित भयो। रोजगारी र अवसरको अभावले पढेका र नपढेका लाखौंलाख मानिस विदेशीन बाध्य भए भने यता मनपरी गर्न सजिलो भएकाले मुलुक भ्रष्टाचारमा चुर्लुम्म डुबिरहेको छ। यसो भएपछि विरोध र असन्तुष्टि बढ्नु स्वभाविक भएकाले अहिले यही भइरहेको छ। सहज रूपमा नियन्त्रण हुन नसकेको भ्रष्टाचार वास्तवमा नियन्त्रण गर्न सरकारले कानुनलाई व्यवहारको कसीमा उतारेर भ्रष्टाचारीहरूलाई निर्ममतापूर्वक हदैसम्मको कानुनी कारबाही गरी भ्रष्टाचारबाट कमाएको सम्पत्ति जफ्त गर्नुपर्छ। अनि समाजले पनि भ्रष्टाचारीलाई सम्मान गर्नुको साटो सम्पूर्णरूपमा तिरस्कार गर्नेछ। युरोप र अमेरिकामा झैं श्रमको सम्मान गर्न थालनी गरेपछि मात्र भ्रष्टाचार नियन्त्रण हुन्छ। यस अर्थमा हालै सम्पन्न सत्ररुढ दुई ठूला दल नेपाली काँग्रेस र माओवादीको केन्द्रीय समिति बैठकको निर्णय अनुसार भ्रष्टाचारबिरुद्धको प्रतिबद्धता र सरकारले थालनी गरेको भ्रष्टाचार बिरुद्धको कारबाहीलाई सबैले पालना गरेर अगाडि बढ्नुपर्ने निर्णय स्वागतयोग्य छ।
(लेखक वरिष्ठ अधिवक्ता हुनुहुन्छ)

# फराकिलो फुटपाथले साँघुरिएका सपना

**हेमन्त जोशी**

*‘ए बा ! कुनचाहिँ भुसतिघ्रे रहेको छ भनेको त, यो ... पो रहेछ।’*

*‘होइन, मेरो डन्ठाले चाहीं के बिगाऱ्यो तिमीलाई ?’*

‘के बिगारेन ? कसैको भाग्यमा पर्छ, कसैको भोको पेटमा पर्छ, पाप लाग्छ तिमीहरुलाई त।’

केही दिनअघि सार्वजनिक भएको निकेश खड्काको निर्देशन र एस कुमारको गायन तथा अभिनय रहेको म्युजिकल फिल्म ‘सुस्तरी-सुस्तरी’ का संवाद हुन् यी। मकै पोलेर बेच्ने सडक व्यापारीको भूमिकामा रहेकी अनु थापा र नगर प्रहरीको भूमिकामा रहेका यस कुमारबीचको यो काल्पनिक संवादले अनेकौं पात्र र परिवेशको बिम्ब चित्रित गर्छ। फुटपाथ व्यवस्थापनका लागि भन्दै गरिने धरपकडले सडक व्यापारीमा देखिने सन्त्रासको कथा-व्यथा यो म्युजिकल फिल्ममा देख्न सकिन्छ।

पछिल्लो समय काठमाडौं महानगरपालिकाभित्रका सडक व्यापारी व्यवस्थापनको विषय निकै पेचिलो छ। महानगर प्रहरीले फुटपाथ व्यवसायीलाई लखेटेको, उनीहरुले बेचिरहेका सामान सडकमै पोखेको, कमाइखाने भाँडो खोसिएपछि निरीह भएर भक्कानिएका जस्ता अनेकौं सामग्री सामाजिक सञ्जाल र सञ्चारमाध्यममा बग्रेल्ती आइरहन्छन्। अर्कोतर्फ, फुटपाथ व्यवसाय हटाएपछि ट्राफिक व्यवस्थापन र पैदलयात्रीलाई हिँड्न सहज भएको, भीडभाड, फोहरमैला र प्रदूषण घटेको, सहरी सौन्दर्य बढेकोलगायतका सकारात्मक विषय पनि सँगसँगै आइरहेका छन्।

एकातर्फ न्यूनतम् मानवीय संवेदनालाई समेत बेवास्ता गरी महानगरले गर्ने व्यवहारको आलोचना भइरहेको छ भने अर्कोतर्फ वर्षौदेखिको समस्याका रुपमा रुपमा रहेको सडक व्यापार व्यवस्थापन भएकोमा प्रशंसा पनि भइरहेको छ। ‘महानगरले सडक व्यापारीलाई बल प्रयोग गरेर अमानवीय ढङ्गले धपाउनुको साटो वैकल्पिक व्यवस्थापनको नीति लिन सक्नुपर्थ्यो, त्यसमा महानगर चुक्यो भन्ने’ भन्ने आशयका टिप्पणी तथा प्रतिक्रिया पनि आइरहेका छन्।

सडक व्यापारीलगायत अनौपचारिक क्षेत्रका व्यवसाय र श्रमिक व्यवस्थापनको मुद्दा महानगरपालिको एक्लै मात्रको भने होइन। यद्यपि, यो विषय अहिले सबैभन्दा पेचिलो भएको भने काठमाडौं महानगरपालिकामै हो। सडक व्यापारी हटाउन थालेपछि त्यसको असर उनीहरूको दैनिकीमा समेत परेको छ। दैनिक जीवनयापनका लागि के-कसो गर्ने भन्नेमा उनीहरु स्पष्ट छैनन्। काभ्रेकी लक्ष्मी गौतम आठ वर्षदेखि वीर अस्पताल अगाडि नाङ्लो व्यापार गरेर आफ्नो परिवारको दैनिक गुजारा गर्दै आउनु भएको थियो। अब कसरी आर्थिक जोहो गर्ने र परिवार चलाउने भन्ने पीर उहाँमा छ। “मलाई छोराछोरीको स्कुल पढाइ शुल्क तिर्न पनि धौ-धौ छ। बिहान पकाए बेलुका के खाउँ र बेलुका पकाए बिहान के खाउँ भएको छ। बिहान बेलुका समय छुट्याएर व्यापार गर्न दिए हामीलाई केही सहज हुने थियो”, उहाँले रासससँग भन्नुभयो।

त्यस्तै सिन्धुपाल्चोककी निर्मला श्रेष्ठको नाङ्लो व्यापार छुट्यो। उहाँले दुई महिनादेखि केहीकाम गर्नुभएको छैन। पाँच जनाको परिवार पाल्ने अर्को कुलै मेलो छैन। घर बनाउने काम गर्ने उहाँका श्रीमान् पनि पछिल्लो एकवर्षदेखि बेरोजगार जस्तै छन्। कुनै विकल्प दिएर व्यवस्थापन गर्नुको साटो महानगर प्रहरीले दुर्व्यवहार गर्ने, सामान जफत गर्नेजस्ता कामबाट आफू मानसिक पीडामा परेको श्रेष्ठ बताउनुहुन्छ। “गरिखान दिएनन्। लखेटेको लेखेट्यै गर्न थाले। पाँच चोटीसम्म मेरो सामान खोसेर लगे। तीन-चार महिना लगाएर आठ-दश हजार रुपैयाँ जम्मा गरेर किनेर ल्यायो, महानगर खोसेर लैजान्छ। फेरि सामान हाल्यो, खोजेर लैजान्छ। घर व्यवहार थेग्नै गाह्रो छ”, उहाँले आफ्ना पीडा पोख्नुभयो।

असन, भोटाहिटी क्षेत्रमा व्यापार गर्ने दोलखाकी साबित्री बरुवाललाई महानगरले अपनाएको शैली राम्रो लाग्दैन। फराकिला बनेका फुटपाथले आफ्ना सपना साँघुरिएको अनुभूति उहाँलाई हुन्छ “महानगरले सामान लगेर फिर्ता दिँदैन”, बरुवालको गुनासो छ, “ठूलो व्यापार गर्न सकिँदैन। ठाउँ र समय तोकेर व्यवसाय गर्न दिए हुन्थ्यो भन्ने हाम्रो चाहना हो। सडक त राम्रा-फराकिला भए तर हाम्रो रोजीरोटी खोसिए।”

म्युजिकल फिल्म ‘सुस्तरी-सुस्तरी’ का काल्पनिक पात्र यिनै लक्ष्मी, निर्मला, साबित्रीहरुको प्रतिरूप हुन्। यसरी रोजीरोटी गुमाएका सडक व्यापारीका सकसबारे काठमाडौं महानगरपालिका जनप्रतिनिधि बेखबर भने पक्कै छैनन्। उनीहरुका पीडाले पोलेको, बचन बिझाएको र कुनै विकल्प खोज्ने पक्षमै महानगरपालिका रहेको जनप्रतिनिधिको भनाइ छ। सडक व्यापारी व्यवस्थापनको विषयलाई मानवीय हिसाबले पनि सोच्नुपर्ने काठमाडौं महानगरपालिका-९ का वडाध्यक्ष रामजी भण्डारी बताउनुहुन्छ। “यो विषयमा हामी पनि मानवीय हिसाबले पनि सोच्नुपर्छ भन्नेमै छौं। उनीहरुलाई वैकल्पिक व्यवस्था गर्ने सोचमै छौं। व्यवसायीको पक्षबाट पनि सोचिरहेका छौं”, उहाँले भन्नुभयो। तर वडाध्यक्ष भण्डारीलाई लाग्छ, कतिपय व्यवसायी हुने खाने वर्गका र अरु बाटोबाट आजआर्जन गरिरहेकाहरु पनि अतिरिक्त कमाईका लागि फुटपाथमा बस्छन्।



आयआर्जनका अन्य बाटो भएका व्यक्ति पनि यो व्यवसायमा रहेको वडाध्यक्ष भण्डारीको भनाइप्रति वडा नं १० का वडाध्यक्ष रामकुमार केसी पनि सहमत हुनुहुन्छ। “नगपालिका मात्रै सही वा व्यापारी मात्रै सही भन्ने होइन। तर एकै घरका चारजनासम्म सडकमा व्यापार गरिरहेका भेटिए। उहाँहरु अन्त जागिर पनि गर्नुहुन्थ्यो। हुनेखाने वर्गका मानिसहरु पनि यस्तो व्यापार गरिरहेका छन्” केसीले भन्नुभयो। विश्वका अरु देशमा पनि सडक व्यापार हुने गरेको तर त्यसलाई कसरी व्यवस्थापन भइरहेका छ भनेर काठमाडौं महानगरपालिकाले पनि सिक्नुपर्ने केसी बताउनुहुन्छ।

महानगरपालिकाभित्रको फुटपाथ पसल व्यवस्थापन गर्ने पाँच वर्षदेखिकै योजना रहे पनि कोभिड महामारीलगायतका कारण रोकिएको र अहिले कार्यान्वयन आएको उहाँको भनाइ छ। सडक व्यापारलाई निरुत्साहित गर्नकै लागि सामान फिर्ता नगरेको उहाँ बताउनुहुन्छ। विस्थापित भएका सडक व्यवसायीलाई महानगरले वैकल्पिक व्यवसायका लागि तालिम दिने र करको दायरामा ल्याउने बारे पनि योजना बनाइरहेको केसीले बताउनुभयो।

सडक व्यापारीलगायत अनौपचारिक क्षेत्रका व्यवसाय र श्रमिक व्यवस्थापनको मुद्दा महानगरपालिको एक्लै मात्रको भने होइन। सरकारी तथ्याङ्कले भन्छ-नेपालको अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको आकार करिब आधा बराबर र यो क्षेत्रमा आवद्ध कुल श्रमशक्तिको संख्या ६२ प्रतिशत हाराहारी छ। खुद्रा पसलदेखि सडक वा ठेलागाडा/साइकलमा गरिने व्यवसाय, काठ मिस्त्रीदेखि डकर्मीले जीविकोपार्जनका लागि गरिरहेका काम, किसानले गरिरहेका कृषि कर्मदेखि तिनको उत्पादन बजारसम्म पुऱ्याउने बिचौलिया, घर-जग्गा दलाल (ब्रोकर), पर्यटकका भारी बोक्ने भरियादेखि सार्वजनिक यातायातका चालक/सहचालकलगायतका आर्थिक क्रियाकलाप अनौपचारिक क्षेत्रभित्र पर्दछन्। नेपालमा सञ्चालित व्यवसायको ठूलो हिस्सा अनौपचारिक क्षेत्र हो।

राष्ट्रिय योजना आयोगले केही समयअघि सार्वजनिक गरेको अनौपचारिक क्षेत्रमा कोभिड-१९ को प्रभाव र न्यूनीकरणका सम्भाव्य रणनीति अध्ययन-प्रतिवेदन २०७९ ले अनौपचारिक क्षेत्र देशको अर्थतन्त्रको महत्वपूर्ण र अत्यन्त ठूलो हिस्साको रुपमा रहेको भए पनि राज्यले यसको नियमन गर्न नसकेको तथा यो क्षेत्र असङ्गठित र उपेक्षित रुपमा रहेको तथ्यहरु उजागर गरेको थियो। कोभिड-१९ का बेला अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारहरु जीविकोपार्जन, स्वास्थ्य र मानसिक असरजस्ता समस्याहरुबाट बढी गुज्रनु परेको यो अध्ययनको निश्कर्ष थियो। अव्यवस्थित फुटपाथ व्यापारमा महानगरपालिकाले कडाइ गरेसँगै यस्तो व्यवसाय गरिरहेका अधिकांश व्यक्तिको दैनिक जीवनयापनमा समस्या देखिएको पछिल्लो अर्को एक अध्ययनले देखाएको छ।

होप फर चेन्ज नेपालसँगको सहकार्यमा सेन्टर फर इन्फर्मल इकोनोमी नामक संस्थाले गरेको अध्ययनअनुसार वैकल्पिक व्यवस्थापनको विकल्पबिनै महानगरले फुटपाथ व्यवसाय हटाउन थालेपछि अहिले अधिकांश व्यापारीहरु लुकेर अर्थात् महानगरको आँखा छलेर व्यवसाय गरिरहेको छन्। अनौपचारिक श्रमशक्तिको अत्यधिक हिस्सा श्रमिकसम्बद्ध सङ्गठनहरुमा समेटिन नसकेको वस्तुस्थितिलाई यी अध्ययनले उजागर गरेको छन्। बहुमत उत्तरदाता अर्थात् ८८ दशमलव आठ प्रतिशतले महानगरपालिकाले उनीहरुलाई सडक व्यापारबाट हटाएपछि आफ्नो आर्थिक भार व्यवस्थापन गर्न ऋण लिएर गरिरहेका छन्’, गत शुक्रबार सार्वजनिक उक्त अध्ययनले भनेको छ, ‘६० प्रतिशत सडक बिक्रेताहरु अहिले पनि महानगर प्रहरीको आँखा छलेर व्यवसाय गरिरहेका छन् भने निकै कमले मात्र आफ्नो व्यवसाय अन्यत्र सारेको छन्।

विस्थापित भएका अधिकांश सडक व्यापारीले दैनिक खर्च व्यवस्थापनका लागि यस्तो व्यवसाय गरिरहेको र उनीहरुको मुख्य आम्दानीको स्रोत नै सडक व्यापार रहेको अध्ययनबाट देखिएको छ। यो अध्ययनमा सहभागीमध्ये ६७ दशमलव सात प्रतिशतको मुख्य रोजगारी नै सडक व्यापार रहेको र ३१ दशमलव पाँच प्रतिशतले सहायक रोजगारी (पार्ट टाइम) व्यवसायका रुपमा सडक व्यापार गरिरहेको देखिएको छ।

यो अध्ययनअनुसार महानगरपालिकाभित्र ५० प्रतिशतले फलफूल, २५ प्रतिशतले कपडा तथा फेन्सी व्यापार, १० प्रतिशतले जुत्ताचप्पल व्यापार र अन्यले तरकारी, पानीपुरी/चटपटे, र सौन्दर्य प्रशाधनका सामग्री फुटपाथमा बेच्ने गरेका थिए। यो अध्ययनका लागि सडक व्यापारी, उपभोक्ता, स्थानीय घरपरिवार, महानगर प्रहरी, वडाध्यक्ष, बागमती प्रदेशका प्रदेशसभा सांसदहरुमार्फत विभिन्न माध्यमबाट प्रतिक्रिया लिइएको जनाइएको छ। अध्ययनका सहभागीको अवस्था हेर्दा देशभरका विभिन्न ३९ जिल्लाका ८३ पालिकाबाट प्रतिनिधित्व गरेका थिए। महानगरपालिकाभित्र सडक व्यापार गरिरहेका बिक्रेतामध्ये १६ दशमलव ०३ प्रतिशत दोलखाबाट आई यस्तो व्यापार गरिरहेको र छ दशमलव नौ प्रतिशत भारतीय नागरिक रहेको जनाइएको छ। अध्ययनका लागि ३५ देखि ५९ उमेर समूहका १३० व्यक्तिलाई सहभागी गराइएको थियो।

महानगरपालिकाले फुटपाथ व्यापारीको सामान जफत गरेपछि त्यो फिर्ता नगर्दा उनीहरुमा थप आर्थिक भार थपिएको पनि अध्ययनबाट देखिएको छ। ‘महानगरले सामान जफत गरेपछि तीन प्रतिशत बिक्रेताको रू २१ हजारदेखि १ लाखसम्मको सामान र ४१ दशमलव नौ प्रतिशतको रू चार हजार देखि २० हजारसम्मको सामान फिर्ता नपाएको जनाएका छन्’, अध्ययनले भनेको छ।

पन्चानब्बे प्रतिशत सडक व्यापारीले आफ्नो व्यवसाय नै दर्ता गरेका छैनन् भने ५६ दशमलव दुई प्रतिशतलाई व्यवसाय दर्ता प्रक्रियाबारे जानकारी नै नभएको पाइएको छ। यो अध्ययनका क्रममा महानगरको अनुगमनबारे ५४ दशमलव ६ प्रतिशत सडक व्यापारीले पूर्व जानकारी पाएको र ४४ दशमलव ६ प्रतिशतले महानगरको कदमबारे आफूलाई पूर्व जानकारी नभएको बताएका थिए।

सडक व्यवसायी हटाउने महानगरको कदमबाट पैदलयात्री र स्थानीय घरपरिवार भने खुसी देखिएका छन्। “थोरै बिक्रेताहरु अर्थात् नौ दशमलव प्रतिशत बिक्रेताले आफ्नो घरको मालिकबाट समर्थन पाएका छन् भने ९० प्रतिशतले समर्थन पाएका छैनन्। महानगरपालिकाको कदमपछि पहिलेको तुलनामा सडक शान्त र सफा भएको हिँड्न सजिलो भएको, सवारी चाप र प्रदूषण कम भएको धेरैजसो पैदलयात्री र स्थानीय घरपरिवारको भनाइ छ। अध्ययनअनुसार फुटपाथमा हुने व्यवसायका उपभोक्ता हेर्दा लगभग ४४ प्रतिशत ग्राहक न्यून र मध्यम आएका रहेको र १७ दशमलव ७ प्रतिशत जुनसुकै वर्गको प्रतिनिधित्व गर्ने अध्ययनमा उल्लेख छ।

# धार्मिक पर्यटकीय गन्तव्य विकासको आधार : अध्यक्ष ओली



काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले विश्वमाझ गौरवपूर्ण पहिचान बनाउन सकेको नेपालको धार्मिक संस्कृति, परम्परा र पहिचानलाई जोगाउन युवा वर्ग लाग्नुपर्ने बताउनुभएको छ ।

पत्नी राधिका शाक्यसहित सूर्यविनायक नगरपालिका-८ स्थित प्रसिद्ध डोलेश्वर महादेव मन्दिरको भ्रमण, अवलोकन, पूजा एवं आरती गर्न आउनुभएका अध्यक्ष ओलीले धार्मिक पर्यटकीय गन्तव्य भक्तपुरको विकासको आधार भएको उल्लेख गर्नुभयो ।

"हाम्रो गौरवपूर्ण धर्म, संस्कृति, परम्परा, सम्झिएर विश्वका नागरिक नेपाल घुम्न आउँछन्, पूजा दर्शन गर्न आउँछन्, हामी पनि हाम्रा परम्परागत कार्य गर्छौं, सांस्कृतिक, संस्कार गर्ने कार्यमा सरिक हुन्छौं," अध्यक्ष ओलीले भन्नुभयो, "यस्ता धर्म, चाडबाडले हाम्रो देशको महिमा विश्वमा बढाएको छ, धेरै विकसित देशमा यस्ता संस्कृति परम्परा छैनन, सनातन धर्म भन्ने नै छैन, त्यसैले हाम्रो देश अत्यन्तै गौरवपूर्ण छ ।"

यही साउन १ गतेदेखि सुरु भएको यहाँको मेलामा स्वदेश तथा विदेशबाट आउने दर्शनार्थीको उल्लेख्य उपस्थितिले धार्मिक महत्व बढाइरहेको उल्लेख गर्दै उहाँले मन्दिरको पुनर्निर्माण सुरुदेखि नै आफूले सहयोग गर्दै आएको बताउनुभयो ।

सो अवसरमा एमाले पोलिटब्यूरो सदस्य महेश बस्नेत, केन्द्रीय सदस्य पद्मा अर्याल, गायिका एवं पूर्वसांसद कोमल वली, बागमती प्रदेशसभा सदस्य किरण थापा, एमाले जिल्ला अध्यक्ष वचन देउजा, सूर्यविनायक नगरपालिकाका नगर प्रमुख वासुदेव थापा, भक्तपुरका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजाल, नगरपालिकाका उपप्रमुख सरिता तिम्सिना भट्टराई, वडा नं ८ का वडाध्यक्ष पुष्पराज बस्नेत, डोलेश्वर महादेव मन्दिर विकास समितिका अध्यक्ष धर्मराज बस्नेतलगायतले अध्यक्ष ओलीको स्वागत गर्नुभएको थियो । उहाँले डोलेश्वरमा पूजा आरती गर्नुभएको थियो । रासस

# सुन तस्करीको अनुसन्धानमा इन्टरपोलसँग सहयोग मागेका छौं : प्रधानमन्त्री दाहाल

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहालले सुन तस्करीको अन्तरदेशीय सञ्जालको विषयमा अनुसन्धानका लागि इन्टरपोललाई अनुरोध गरिएको बताएका छन् । सञ्चारकर्मीहरुसँग कुरा गर्दै प्रधानमन्त्री दाहालले पछिल्लो सुन तस्करीको घटनामा विदेशी नागरिकहरुको संलग्नता र त्यसको अन्तरदेशीय सञ्जाल देखिएकाले अनुसन्धानमा सहयोग गर्न इन्टरपोललाई आग्रह गरिएको बताए ।

'विभिन्न मुलुकका नागरिकहरुको संलग्नता यसमा देखिएको छ । ती देशहरुसँग पनि समन्वय भइरहेको छ,' दाहालले भने, 'यसमा अन्तर्राष्ट्रिय सञ्जाल नै सक्रिय रहेको पाइएकाले त्यसको अनुसन्धानका लागि सहयोग गर्न इन्टरपोललाई पनि अनुरोध गरेका छौं ।'

साउन २ गते भन्सार हुँदै बाहिरिएको ६० केजी सुन बरामद भएपछि उक्त घटनाले राजनीतिक वृत्तलाई नै तरंगित बनाएको छ ।

विपक्षी दल नेकपा एमालेले उच्च सरकारी संलग्नताबिना यति ठूलो परिणाममा तस्करी हुन नसक्ने भन्दै न्यायिक छानबिनको माग गरेको छ ।

एमालेले पछिल्लो समयमा बरामद गरिएको अवैध सुन भित्र्याउने कम्पनीले यसअघि ३२ पटक सामग्री नेपाल भित्र्याएको जनाएको छ । विपक्षी दलले छानबिन समितिको माग गरे पनि सरकारले भने प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले छानबिन गर्ने जनाउँदै आएको छ ।

**सार्वजनिक महत्त्वको विषयमा केन्द्रित हुन प्रधानमन्त्रीको निर्देशन**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सार्वजनिक महत्त्वका विषयमा केन्द्रित हुँदै समस्या समाधानका निम्ति



ठोस पहल गर्न कर्मचारी प्रशासनलाई निर्देशन दिनुभएको छ ।

तीनकुनेमा अधिग्रहण गरिएको जग्गामा देखिएको मुआब्जा समस्या समाधान र काठमाडौँ उपत्यकामा सुकुम्बासी व्यवस्थापनसम्बन्धी बैठकमा प्रधानमन्त्री दाहालले उक्त निर्देशन दिनुभएको हो । उहाँले भन्नुभयो, "सार्वजनिक महत्त्वका विषयको दीर्घकालीन अर्थ हुन्छ, त्यस्ता विषयमा हाम्रो सबैभन्दा बढी ध्यान दिनुपर्छ । एउटा मन्त्रालय र निकायसँग जोडिएको विषय अन्त सार्ने र समस्याबाट उम्किने काम हामी कसैले पनि गर्नुहुँदैन । त्यसतर्फ तपाईंहरूले ध्यान दिनुस् ।" बैठकमा तीनकुने अधिग्रहित जग्गा नेपाल सरकारको नाममा आइसकेको परिस्थितिमा पनि मुआब्जा र समस्या समाधान हुन बाँकी रहेकाले त्यसको दीर्घकालीन समस्या कसरी गर्ने एवं तीनकुने-जडीबुटी अन्डरपासको काम कसरी प्रभावकारी बनाउने विषयमा छलफल भएको थियो । सो क्रममा काठमाडौँ उपत्यकाको सुकुम्बासी समस्याका समाधानका लागि भएका प्रयास र त्यसलाई निष्कर्षमा पुर्‍याउन अन्तरनिकाय समन्वय प्रभावकारी बनाउने विभिन्न विकल्पबारे छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

छलफलमा उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, सहरी विकासमन्त्री सीता गुरुङ, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठ, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनितादेवी साह, काठमाडौँ महानगरका प्रमुख बालेन्द्र साह, मुख्यसचिव डा बैकुण्ठ अर्याल, नेपाल सरकारका विभागीय मन्त्रालयका सचिव उपस्थित हुनुहुन्थ्यो ।

**टेरामक्स प्रविधि लागू हुँदैन : प्रधानमन्त्री दाहाल**

प्रधानमन्त्री पुष्पकमल दाहालले नागरिकका फोन ट्यापिङ गर्नेसहितका प्रयोजनका लागिसमेत प्रयोग गर्न खोजिएको विवादास्पद टेरामक्स प्रविधि कार्यान्वयन नगर्ने बताएका छन् । बालुवाटारमा मंगलबार सञ्चारकर्मीहरुसँग कुरा गर्दै प्रधानमन्त्री दाहालले उक्त जानकारी दिएका हुन् ।

'नागरिकको फोन ट्याप गर्नेसहितको प्रविधि (टेरामक्स) लागू हुँदैन,' प्रधानमन्त्री दाहालले भने, 'उपकरणमा खरिदमा करोडौं रुपैयाँ खर्च भए पनि त्यो लागू हुँदैन ।'

नेपाल दूरसञ्चार प्राधिकरणले नागरिकको फोन ट्यापिङ गर्नेसहितको टेरामस्क प्रविधि भित्र्याएको छ । उसले टेलिफोन कम्पनीहरुलाई टेरामक्स प्रविधि अपनाउन दबाब दिँदै आएको छ । त्यसका लागि करोडौं मूल्यको प्रविधिसमेत नेपाल भित्र्याएको छ ।

प्रविधिको विषयमा विवादास्पद टेरामस्क प्रविधि एक साताभित्र कार्यान्वयनमा ल्याउन नेपाल दूरसञ्चार प्राधिकरणले दिएको समयसीमा सकिएसँगै नेपालका प्रमुख सेवा प्रदायकहरू निर्देशनको पालनामा विभाजित देखिएका थिए । प्राधिकरणका अनुसार सफ्टवेयरमा आधारित टेरामक्स प्रणाली दूरसञ्चार प्रयोगकर्ताको चापलाई विधिसम्मत तवरले अनुगमन र नियमन गर्ने कार्यमा प्रयोग हुन्छ । यसले सम्पूर्ण कल डिटेल रेकर्ड (सीडीआर) को विवरण राख्नेसँगै राष्ट्रिय र अन्तर्राष्ट्रिय इन्टरकनेक्सनको अवस्था नियाल्ने र जालसाजीको पहिचान तथा नियन्त्रण गर्ने काम गर्छ ।

प्राधिकरणले ०७४ सालदेखि नै टेरामक्स प्रविधि लागू गर्ने पहलस्वरूप आवश्यक प्रविधि र उपकरण खरिद गरिसकेको छ । ३ अर्ब ११ करोड रुपैयाँभन्दा बढी लागतमा प्राधिकरणले भित्र्याएको उपकरण हालसम्म प्रयोगविहीन छ । विभिन्न कारणले अड्किँदै आएको उक्त प्रविधिको कार्यान्वयन एक साताभित्र गरिसक्न साउन ८ मा एक पत्रमार्फत प्राधिकरणले दुवै सेवा प्रदायकलाई निर्देशन दिएको थियो ।

# अर्थतन्त्रबारे सकारात्मक धारणा बन्नुपर्छ : अर्थमन्त्री डा महत

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले पछिल्लो समय मुलुकको अर्थतन्त्रमा सुधारै हुँदै गए पनि आम मानिस र निजी क्षेत्रमा अर्थतन्त्रबारे सकारात्मक धारणा बन्न नसकेको बताउनुभएको छ ।

आन्तरिक राजस्व विभागले मंगलबार यहाँ आयोजना गरेको 'व्यवस्थापन गोष्ठी २०८०' को उद्घाटनमा अर्थमन्त्री डा महतले निजी क्षेत्रमा नकारात्मकता हाबी हुँदै गएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

"अहिले अर्थतन्त्र सकारात्मक बाटोमा उन्मुख छ । हामीलाई सकारात्मक दिशातर्फ जानुछ र जान सकिन्छ भन्ने धारणा हुनुपर्ने हो । तर सबैतिरबाट नकारात्मक मात्रै सोच राख्ने प्रवृत्ति देखियो", निजी क्षेत्रतर्फ इङ्गित गर्दै अर्थमन्त्री डा महतले भन्नुभयो, "अर्थतन्त्र सुधारका लागि प्रयास भइरहेका छन् र सकारात्मक नतिजा पनि देखिँदै गएको छ ।"

कोभिड-१९ महामारी र रुस-युक्रेन युद्धको असरपछि असरलगायतका कारण अर्थतन्त्र समस्यामा परेको भए पनि सुधारका लागि सबै क्षेत्रबाट सकारात्मक धारणा बन्दै जानुपर्ने र यसो हुनसके मात्रै अपेक्षित लगानी आउन सक्ने अर्थमन्त्री महतको भनाइ छ ।

निजी क्षेत्रका छाता संस्था र तिनका पदाधिकारीले अर्थतन्त्रको अवस्थाबारे समान धारणा बनाउन आवश्यक रहेको भन्दै यसका लागि सुझाव दिनुभयो । निजी क्षेत्र व्यापारमा मात्रै केन्द्रित भएको र सरकारले आन्तरिक उत्पादन बढाउने नीति लिँदा पनि निजी क्षेत्रले यसको लाभ लिन नसकेको उहाँको भनाइ छ । चालु



आर्थिक वर्षका लागि सरकारले लिएको राजस्वको लक्ष्य पूरा गर्न जिम्मेवार भएर काम गर्न पनि अर्थमन्त्री महतले देशभरका राजस्व कार्यालयका कर्मचारीलाई निर्देशन दिनुभयो । कर प्रणाली सुधारका लागि कर्मचारीको सम्पूर्ण ध्यान जानुपर्ने, करको दायरामा आउन नसकेका व्यवसायलाई करको दायरामा ल्याउन सक्नुपर्ने, करदातालाई सोसम्बन्धी शिक्षा दिनुपर्ने, कर प्रशासनका कर्मीवको राजस्वको लक्ष्य सजिलै भेटिनेमा उहाँले विश्वास व्यक्त गर्नुभयो ।

"राजस्व कार्यालयका कर्मचारीले आफ्नो विवेक पनि प्रयोग गर्नुपर्‍यो र नीति, नियम, कानुनभित्र बसेर सहजतापूर्वक काम गर्नुस् । उठाउनुपर्ने करमा सम्झौता गर्दैनौं तर करदातालाई असर गर्नेगरी कुनै व्यवहार पनि गर्दैनौं भन्ने मानसिकताले काम गर्नुहोला", कर्मचारीलाई निर्देशन दिनुहुँदै अर्थमन्त्री महतले भन्नुभयो ।

सो अवसरमा अर्थ मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेलले कराधार बढाएर चालु आवको राजस्व लक्ष्य भेट्न सकिने धारणा राख्नुभयो । प्रणालीगत विकास र कर्मचारीको क्षमता विकासमार्फत कर प्रणाली सुधार हुने अपेक्षा सरकारले गरेको पनि उहाँको भनाइ छ ।

"राजस्व सङ्कलनको लागत बढेको छ । अब हिजोको जस्तो म्यानुअल काम गरेर हुँदैन । प्रविधिको प्रयोग गर्नुपर्छ", अर्थसचिव पोखरेलले भन्नुभयो, "चालु आवको आर्थिक ऐनमा राखिएका नयाँ व्यवस्था कार्यान्वयनमा विशेष जोड दिनुहोला । सँगसँगै महालेखा परीक्षक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राजस्व न्यायाधीकरणका फैसलालगायतका प्रतिवेदनले औँल्याएको विषय समाधान गर्नतर्फ लाग्नुहोला ।"

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले करको दरभन्दा पनि दायरा बढाउन सके सरकारले राखेको लक्ष्यअनुसार राजस्व उठ्ने बताउनुभयो । अहिले पनि ठूलो सङ्ख्यामा व्यवसाय तथा व्यक्तिहरू कर प्रणाली बाहिर रहेकाले त्यसलाई समेट्न सक्नुपर्ने उहाँको भनाइ छ ।

"अहिले बजारमा ४० प्रतिशत सामान 'ग्रे मार्केट'बाट आइरहेका छन् । यिनलाई कर प्रणालीमा ल्याउनुपर्‍यो । नागरिकतासँगै स्थायी लेखा नम्बर (प्यान) जारी गर्ने व्यवस्थाका साथै करमा एकद्वार प्रणाली लागू हुनुपर्छ", चेम्बर अध्यक्ष मल्लले भन्नुभयो ।

त्यस्तै, नेपाल उद्योग परिसङ्घका उपाध्यक्ष वीरेन्द्रराज पाण्डेले अहिले निजी क्षेत्रको मनोबल घटेकाले यसलाई उकास्न आवश्यक रहेको बताउनुभयो । नेपालको राजस्व प्रणाली आयातमुखीभन्दा पनि उत्पादनमुखी हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

त्यस्तै, नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले चालु आवमा अर्थतन्त्रमा सुधारका सङ्केत नदेखिएको बताउनुभयो । "व्यापार व्यवसाय बढी हुने समय भनेको दशैँ र तिहारको समयमा हो । यो वर्ष पनि व्यापारमा सुधार हुँदैन भन्ने आभास हामी अहिले नै गर्न थालिसकेका छौँ", उहाँले भन्नुभयो, "अन्य दक्षिण एसियाली मुलुकको तुलनामा नेपालमा कर महङ्गो छ । कूल गार्हस्थ्य उत्पादनको वृद्धिदरको तुलनामा राजस्वको वृद्धिदर नकारात्मक छ ।" रासस

# अध्यक्ष तिमिल्सिनासँग थाई नेपाली सङ्घका पदाधिकारीको भेट



काठमाण्डु । राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासँग थाई नेपाली सङ्घ थाइल्याण्डका पदाधिकारीले गैरआवासीय नेपाली परिचयपत्र उपलब्ध गराउन पहलका लागि आग्रह गर्नुभएको छ ।

सिंहदरबारस्थित अध्यक्ष तिमिल्सिनाको कार्यकक्षमा भएको भेटमा थाइल्याण्डमा बसोबास गर्ने नेपालीभाषी थाई नागरिकलाई गैरआवासीय नेपाली परिचयपत्र उपलब्ध गराउन पहल गरिदिन आग्रह गरेको अध्यक्षको सचिवालयले जनाएको छ ।

सो अवसरमा अध्यक्ष तिमिल्सिनाले थाइल्याण्डमा बसोबास गरिरहेका नेपाली मूलका नागरिकका समस्या समाधानका लागि आवश्यक पहल गर्ने आवश्वासन दिनुभयो । अहिले थाइल्याण्डमा बसोबास गर्ने नेपालीहरू दोस्रो विश्व युद्धताका म्यान्मार हुँदै थाइल्याण्ड पुगेका नेपालीका चौथो पुस्ता हुन् ।

गैरआवासीय नेपाली सङ्घ अन्तर्राष्ट्रिय समन्वय परिषदले उपलब्ध गराउने परिचयपत्र पाउन समेत थाइल्याण्डमा बसोबास गरेका नागरिकलाई कठिन भएको छ । परिचयपत्र नहुँदा नेपालमा आवतजावत गर्न भिसा र अन्य सुविधाबाट बञ्चित हुनु परेको तथा नेपाली मौलिक संस्कार र संस्कृतिको बोध गराउनका लागि पनि परिचयपत्र आवश्यक भएको नेपाली सङ्घ थाइल्याण्डकी अध्यक्ष वासाना राईले बताउनुभयो । थाइल्याण्डमा झण्डै एक लाखको सङ्ख्यामा नेपालीभाषी रहेको अनुमान छ । रासस

# जातीय विभेद् गर्नेलाई आजीवन कारावासको सजाय दिने कानुन बनाउनु पर्छ : सांसद गौतम

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय सभाका सांसद एवं पूर्वउपप्रधान तथा गृहमन्त्री वामदेव गौतमले जातीय विभेद र उत्पीडन गर्नेहरुमाथि आजीवन कारावासको सजाय दिने कानुन बनाउन सरकारसँग माग गरेका छन् ।

मृत्युदण्डको कानुनी व्यवस्था गरेपछि मात्रै अमेरिका लगायतका मुलुकमा जातीय तथा वर्णभेद अन्त्य भएको उल्लेख गर्दै उनले नेपालमा पनि त्यसको अन्त्यका लागि सरकारले पीडकलाई आजीवन कारावासको सजाय दिनेगरी सरकारले कानुनी व्यवस्था गर्नुपर्ने आवश्यक्ता औंल्याउनुभएका हुन् ।

राष्ट्रिय सभा अन्तर्गतको दिगो विकास तथा सुशासन समितिको मंगलबारको बैठकमा उनले आज पनि नेपाल र भारत जातीय विभेदले पीडित हुनु परेकोमा आपत्ति जनाउँदै त्यसको अन्त्य अब पीडकलाई सम्झाएर, बुझाएर नहुने जिकिर गरे ।

उनले नेपालको संविधानले जातीय विभेदलाई गम्भीर अपराधको रुपमा लिए पनि त्यस अनुसारको कानुन नबन्दा त्यसबाट हुने उत्पीडन कायमै रहेको तर्कसमेत गरे । आफूले सुरुदेखि नै जातीय विभेदजस्ता अमानवीय शोषण, दमन, थिचोमिचोलाई अन्त्य गर्न विद्रोह गर्नेहरुलाई कठोर जरिवाना गर्ने, दबाउने काम पनि संविधान अनुसारको कानुनी व्यवस्था नभएकै कारण हुन गएको पनि स्पष्ट पारे ।

सांसद गौतमले जातीय विभेद गर्नेहरुको सम्पत्ति कब्जा गरेर सरकारले पीडितलाई तत्काल राहत दिने व्यवस्था गर्नुपर्नेतर्फ पनि ध्यानाकर्षण गराए ।

# वामपन्थी एकता हुन नदिन ममाथि षडयन्त्र भयो : उपाध्यक्ष महरा

दाङ । नेकपा (माओवादी केन्द्र) का उपाध्यक्ष कृष्णबहादुर महराले वामपन्थी एकता हुन नदिन आफूमाथि षडयन्त्र भएको बताउनुभएको छ । दाङको घोराहीस्थित निवासमा पत्रकार सम्मेलन गर्दै उहाँले आफूले सबै वामपन्थी शक्तिलाई एक बनाउनका लागि भूमिका खेल्दा प्रहार भएको हुन सक्ने आशङ्का व्यक्त गर्नुभयो ।

"म सन्तुलन मिलाउने व्यक्ति हुँ । सकेसम्म सबै वामपन्थी, सबै माओवादीबीच एकता होस् । यो देशका राष्ट्रिय शक्ति एक ठाउँमा भइदिए देशको विकास हुन्थ्यो भन्ने चाहना छ", उपाध्यक्ष महराले भन्नुभयो । सुन तस्करी प्रकरणमा आफुलाई जोडेपछि उहाँले मंगलबार दाङमा पत्रकार सम्मेलन गर्नुभएको हो । सरकारलाई अनुसन्धानमा सहयोग गर्ने उपाध्यक्ष महरालाले स्पष्ट पार्नुभयो । रासस

# पार्टी बलियो बनाउन जनतामाझ पुग्नुपर्छ : नेता सिंह

काठमाण्डु । नेपाली कांग्रेसका पूर्वमहामन्त्री प्रकाशमान सिंहले पार्टी बलियो बनाउन जनतामाझ पुग्नुपर्ने बताउनुभएको छ । नेपाली कांग्रेस काठमाडौं क्षेत्र नं १ प्रदेश (क)ले मंगलबार यहाँ आयोजना गरेको 'प्रदेश सम्मेलन'मा नेता सिंहले कांग्रेसल बलियो बनाउनका लागि जनतामाझ पुग्नुपर्ने बताउनुभएको हो ।

"पार्टीका नेता, कार्यकर्ता जनताको घरदैलोमा पुगेर उहाँहरूको समस्या समाधानमा लागेमात्र पार्टीप्रति जनताको विश्वास र भरोसा हुन्छ", उहाँले भन्नुभयो ।

नेता सिंहले पार्टीभित्र चुनौती बढेको भन्दै पार्टीका सबै तह र संरचनालाई विधि, पद्धति र नियमबाट अगाडि बढाउनुपर्ने उल्लेख गर्नुभयो । कार्यक्रम गर्दा सकेसम्म कम खर्च गरेर परिणाम धेरै आउने गरी काम गर्न उहाँले सुझाव दिनुभयो । "पार्टीभित्र काम नगर्ने तर पैसाको चलखेल गर्ने व्यक्तिलाई पाखा लगाउनुपर्छ, पार्टीभित्रबाटै उक्त अभियान चलाउनुपर्छ," उहाँले भन्नुभयो ।

पूर्वउपप्रधानमन्त्री सिंहले भ्रष्टाचार र अनियमितता रोक्दै टोल र वडाबाटै कार्यशैलीमा सुधार गरेमा कांग्रेस २०४६ सालभन्दा अगाडिको जस्तै सशक्त बन्ने धारणा राख्नुभयो । कांग्रेस लोकतान्त्रिक पार्टी भएकाले सबैलाई खबरदारी गर्दै समस्याको समाधान गर्नेतिर लाग्नुपर्ने उहाँको भनाइ थियो । उहाँले केन्द्रबाट सर्कुलर भएका कार्यक्रमलाई परिणाममुखी बनाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा पार्टीका सहमहामन्त्री भीष्मराज आङदम्बेले पार्टीको केन्द्रीय समितिले गरेको निर्देशनलाई पालना गरेमात्र पार्टी थप बलियो र मजबुद हुने भनाइ व्यक्त गर्नुभयो । उहाँले कांग्रेसले गरेका राम्रा कामलाई जनतामाझ लैजान सकेमात्र आगामी निर्वाचनमा बलियो हुने बताउनुभयो । रासस

# स्वतन्त्रता दिवसमा प्रधानमन्त्री मोदीको मणिपुर केन्द्रीत भाषण

बीबीसी

नयाँ दिल्ली । भारतको ७७ औं स्वतन्त्रता दिवसको अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले लाल किल्लाबाट राष्ट्रका नाममा सम्बोधन गरेका छन् ।

आफ्नो सम्बोधनमा मोदीले देशवासीलाई 'परिवारका सदस्य' भनेर सम्बोधन गरेका थिए ।

भाषणको अन्त्यमा, पीएम मोदीले अर्को वर्ष फेरि लाल किल्लाबाट भाषण दिने कुरा गरे।

करिब डेढ घण्टा लामो सम्बोधनमा मोदीले भ्रष्टाचार, २०१४ को चुनाव, दासताको युग, मुद्रास्फीति र भारतको विकासका बारेमा कुरा गरे ।

मणिपुरमा भएको हिंसाबाट प्रधानमन्त्री मोदीले आफ्नो भाषण सुरु गरेका थिए ।

मणिपुरमा भएको हिंसाको सन्दर्भमा प्रधानमन्त्री मोदीले भने, 'मणिपुरमा विगतदेखि चलिरहेको हिंसाको अवधि हो। धेरै मानिसहरू हिंसाको सिकार बन्न बाध्य भए। आमा छोरीलाई यातना दिइयो तर केही दिनदेखि शान्तिको खबर आइरहेको छ ।"

पीएम मोदीले भने, "देश मणिपुरको साथमा छ। केन्द्र सरकार र राज्यले समाधानको लागि प्रयास गरिरहेको छ र गरिरहनेछ।" देशको एकताको बारेमा, पीएम मोदी भन्छन् कि यदि घटना मणिपुरमा भयो भने पीडा महाराष्ट्रमा हुन्छ। भारतलाई विकसित देश बनाउने कुरा गर्दै प्रधानमन्त्री मोदीले भने, 'म आज तपाईसँग केही सोध्न आएको छु । २०४७ मा भारतको तिरंगा विकसित भारतको तिरंगा हुनुपर्छ। अलिकति पनि पछि नहट्नुहोस् । जुन देशलाई सुनको चरा भनियो, त्यो देश फेरि किन नउठ्ने ? २०४७ मा मेरो देश विकसित देश रहनेछ। म यो हाम्रो देशको श्रोत, क्षमता र ३० वर्ष मुनिका जनताको बलमा भन्दैछु ।

### प्रधानमन्त्री मोदीले विपक्षीलाई गाली गरेका छन्

आफ्नो सम्बोधनमा प्रधानमन्त्री मोदीले विपक्षी दल 'भारत' र कांग्रेसको नाम नलिई गठबन्धनलाई गाली गरे । परिवारवादको सन्दर्भमा मोदीले भने, "देशको लोकतन्त्रमा एउटा रोग छ - परिवारवादी पार्टी।" उनीहरुको एउटै मन्त्र छ - परिवारको लागि, परिवारको लागि, परिवारको माध्यमबाट। उनले भने-'यसबाट मुक्ति देशको विकासका लागि आवश्यक छ। यदि कसैले सामाजिक न्यायलाई नष्ट गरेको छ भने त्यो तुष्टीकरणले गरेको छ । भ्रष्टाचारको सन्दर्भमा मोदीले भने, "अब आँखा बन्द गर्ने समय होइन। यदि हामीले संकल्पलाई पार गर्ने हो भने, तीन विकृतिहरू विरुद्ध लड्न आवश्यक छ। भ्रष्टाचारविरुद्धको लडाइँ, हरेक क्षेत्रमा मुक्ति आवश्यक छ । भ्रष्टाचारविरुद्धको लडाइँलाई निरन्तरता दिने मेरो प्रतिबद्धता छ ।


उनले भने, 'दोस्रो खराबी भनेको परिवारवाद हो। देशको अधिकार खोसिएको छ। तेस्रो दुष्टता भनेको सन्तुष्टि हो। यसले हाम्रो राष्ट्रिय चरित्रलाई ध्वस्त पार्छ । त्यसैले भ्रष्टाचार, परिवारवाद, तुष्टीकरण यी तीनवटै खराबी हुन् । प्रधानमन्त्री मोदीले भने, 'म पसिना बगाए पनि तिम्रो लागि पसिना बगाउँछु । सपना देखे पनि तिम्रै लागि सपना देख्छु ।

भन्छन्- देशका लागि मर्ने मौका छैन तर देशका लागि बाँच्नेभन्दा ठूलो अवसर छैन । देशको लागि हरेक पल जिउनुपर्छ । आफ्नो सम्बोधनमा मोदीले भ्रष्टाचारविरुद्ध घृणाको वातावरण सिर्जना गर्न अपिल गरेका छन् ।

### २०१४ को चुनावमा के भन्नुभयो ?

प्रधानमन्त्री मोदीले आफ्नो भाषणमा २०१४, २०१९ को उल्लेख गरे। आफ्नो सरकारको १० वर्षको सन्दर्भमा मोदीले भने, "२०१४ मा मेरा देशवासीले निर्णय गरे कि अब स्थिर सरकार चाहिन्छ। तीन दशकपछि राजनीतिक बाध्यताले बाँधिएको देशलाई मुक्त गर्ने निर्णय गरे । उनले भने, 'देशमा ठूलो परिमाणमा काम भइरहेको छ । म भन्न चाहन्छु कि २०१४ मा जब तपाईले बलियो सरकार बनाउनुभयो, मोदीले सुधारको साहस देखाउनुभयो, २०१४ र २०१९ मा तपाईले बलियो सरकार बनाउनुभयो, तपाईले यस्तो सरकार बनाउनुभयो कि मोदीलाई सुधार गर्ने साहस आयो।

कर्मचारीतन्त्रको प्रशंसा गर्दै प्रधानमन्त्री मोदीले भने, 'जब मोदीले एकपछि अर्को सुधार गरे, नौकरशाहीले परिवर्तनको जिम्मेवारी राम्ररी निभाएको थियो । कर्मचारीतन्त्र रुपान्तरणको प्रदर्शन गरेर देखाएको छ । जनता जनार्दनसँग सम्बन्धित कुराहरू परिवर्तन भएको देखिन्छ।



### पीएम मोदीको भाषणमा १००० वर्षको उल्लेख

आफ्नो सम्बोधनमा पीएम मोदीले भारत त्यो चरणमा उभिएको बताए, जहाँ विगतमा एक हजार वर्षको दासत्व थियो र भविष्यको एक हजार वर्षमा असीमित सम्भावनाहरू छन्। पीएम मोदीले भने, ' जब हामी इतिहासलाई हेर्छौं, त्यहाँ यस्ता क्षण हुन्छन् जसले अमिट छाप छोड्छ। धेरै समस्याको जड मानिन्छ । हजारौं वर्षअघि देशमाथि आक्रमण भएको थियो । त्यतिबेला एउटा घटनाले देशलाई हजार वर्षसम्म दासत्वमा पुऱ्याउँछ भन्ने थाहा थिएन । जो आए, लुट्दै गए ।

उसले भन्यो, "जो हामीमाथि चढ्न चाहन्थे।" घटना सानो भए पनि यसले हजारौं वर्षसम्म प्रभाव छोड्छ। यस कालमा भारतका वीरहरूले देशमा बलिदानको ज्वाला प्रज्वलित नगरेको कुनै समय थिएन। देशको नागरिक शक्ति, युवाशक्ति, किसान, मजदुर स्वतन्त्रताको पक्षमा नआउने कोही थिएन ।

स्वतन्त्रताको मितिलाई उल्लेख गर्दै उहाँले भन्नुभयो- "जनचेतनाको त्यो व्यापक रूप, जनताको त्यो विश्वास अन्ततः १५ अगस्त, १९४७ मा भारत स्वतन्त्र भएपछि पूरा भयो। यस अवधिमा हामीले जे गरे पनि, जे कदम चाल्ने हो, एकपछि अर्को निर्णय लिनेछौं... आगामी देशको सुनौलो इतिहास यसैबाट अंकुरिनेछ। दासताको मानसिकताबाट बाहिर आएको देश नयाँ आत्मविश्वासका साथ अगाडि बढिरहेको छ ।

प्रधानमन्त्री मोदीले भने, 'मेरी माता भारत कुनै समय ऊर्जाको पावर हाउस थियो। आज, ३० वर्ष भन्दा कम उमेरका मानिसहरूको संख्या विश्वको कुनै पनि ठाउँमा सबैभन्दा बढी छ, त्यसैले यो भारतमा छ। भारत हजार वर्षको दासत्व र हजार वर्षको सपनाको बीचमा उभिएको छ।

### प्रधानमन्त्री मोदीले अर्थतन्त्र र विकसित देश बनाउने कुरा गरे

प्रधानमन्त्री मोदीले सन् २०४७ सम्ममा भारतलाई विकसित देश बनाउने कुरा गरे र यसका लागि देशका जनताको आशीर्वाद मागेका थिए । देशको अर्थतन्त्रका सम्बन्धमा प्रधानमन्त्री मोदीले १० वर्षमा देशको अर्थतन्त्र १०औँबाट पाँचौं अर्थतन्त्रमा उक्लिएको दाबी गरे । प्रधानमन्त्री मोदीले भने, 'जब हामी सत्तामा थियौं, हामी अर्थतन्त्रमा १० नम्बरमा थियौं, आज पाँचौं नम्बरमा छौं । भ्रष्टाचारको दानवले देशलाई थुनेर गएपछि त्यसलाई रोकेर बलियो अर्थतन्त्र बनाएर गएको होइन । हामीले गरिबको कल्याणका लागि अधिकतम पैसा खर्च गरेका छौं। जब देश आर्थिक रुपमा बलियो हुन्छ तब खजाना भरिदैन बरु देशको बल बढ्छ ।

> जब हामी सत्तामा थियौं, हामी अर्थतन्त्रमा १० नम्बरमा थियौं, आज पाँचौं नम्बरमा छौं । भ्रष्टाचारको दानवले देशलाई थुनेर गएपछि त्यसलाई रोकेर बलियो अर्थतन्त्र बनाएर गएको होइन । हामीले गरिबको कल्याणका लागि अधिकतम पैसा खर्च गरेका छौं। जब देश आर्थिक रुपमा बलियो हुन्छ तब खजाना भरिदैन बरु देशको बल बढ्छ ।

राज्य सरकारहरूलाई दिइएको सहयोगको सन्दर्भमा पीएम मोदीले भने, "दश वर्ष पहिले राज्य सरकारले ३० लाख करोड प्राप्त गर्दथ्यो, हामीले यसलाई बढाएर १०० लाख करोड पुर्यायौं। आज ७० हजार करोड स्थानीय विकासमा जाने गर्दथ्यो। लाख करोड। जान्छ। आज सरकारले गरिबको घर बनाउन चार गुणा पैसा खर्च गरिरहेको छ, गरिबको घर बनाउन ९० हजार करोड रुपैयाँ लाग्थ्यो, आज चार लाख करोड रुपैयाँ खर्च भइरहेको छ। विश्व मुद्रास्फीतिसँग लडिरहेको छ, हामीले मुद्रास्फीति घटाउने प्रयास गरेका छौं र सफलता पनि पाएका छौं,' प्रधानमन्त्री मोदीले भने ।

### चरमपन्थी घटनामा प्रधानमन्त्री मोदीले के भने ?

लाल किल्लाबाट सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले भने, 'देशमा आतंकवादी घटनामा कमी आएको छ । उनले भने, ' पहिले यहाँ विष्फोट भयो, त्यहाँ विष्फोट भयो भन्ने हरेक दिन सुन्ने गर्दथ्यौं, तर आज देश सुरक्षित महसुस गरिरहेको छ । पीएम मोदीले भने- 'जब सुरक्षा हुन्छ तब प्रगति हुन्छ, श्रृंखलाबद्ध बम विष्फोट विगतको कुरा भइसकेका छन् । आज देशमा आतंकवादी हमलामा कमी आएको छ, नक्सल प्रभावित क्षेत्रमा परिवर्तन आएको छ ।

नयाँ संसद भवन निर्माणलाई पनि प्रधानमन्त्री मोदीले आफ्नो उपलब्धिमा गनेका छन् । प्रधानमन्त्री मोदीले आफ्नो सम्बोधनमा भने, '२५ वर्षदेखि देशमा नयाँ संसद बन्ने चर्चा थियो तर काम हुन सकेको छैन । मोदीले समय अगावै नयाँ संसद गठन गरेका थिए । पीएम मोदी भन्छन्, "यो नयाँ भारत हो, संकल्पहरू पूरा गर्नको लागि यो नयाँ भारत हो, त्यसैले यो भारत रोक्दैन, थाक्दैन, हार मान्दैन, हार मान्दैन।"

सीमावर्ती गाउँहरूको सन्दर्भमा प्रधानमन्त्री मोदीले भने, "हामीले देशका सीमावर्ती गाउँहरूका लागि भाइब्रन्ट बोर्डर भिलेज कार्यक्रम सुरु गऱ्यौं। अहिलेसम्म सीमावर्ती गाउँलाई देशको अन्तिम गाउँ भनिन्थ्यो । हामीले त्यो सोच परिवर्तन गरेका छौं, यो देशको अन्तिम गाउँ होइन! सिमानामा देखिने यो देशकै पहिलो गाउँ हो ।

### महिलाबारे के भने मोदीले ?

प्रधानमन्त्री मोदीले आफ्नो सम्बोधनमा भारतका महिलाहरुको पनि उल्लेख गरेका छन् । पीएम मोदीले आफू अर्को देशमा जाँदा भारतका महिला डाक्टर, इन्जिनियर र वैज्ञानिकको उल्लेख गरेको बताए । मानिसहरु सोध्छन् तपाईको देशका महिलाहरु विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणितमा कसरी अगाडि छन् ? महिला सशक्तीकरणको कुरा गर्दै उनी भन्छिन्, ' गाउँमा दुई करोड लाखपति दिदी बनाउने मेरो सपना छ । पीएम मोदीले भने- बैंकदेखि आंगनवाडीसम्म यस्तो कुनै क्षेत्र छैन जहाँ महिलाले योगदान नगरेको हो।

महिलासम्बन्धी सरकारको योजनाबारे जानकारी दिँदै उनी भन्छन्- 'हामीले नयाँ योजना ल्याउने निर्णय गरेका छौं, जसमा १५ हजार महिलालाई ड्रोन चलाउने र मर्मत गर्ने तालिम दिइनेछ । यसले गाउँका महिलालाई बल दिनेछ । प्रधानमन्त्री मोदीले भने, "म आमा, दिदीबहिनी र छोरीहरूलाई भन्न चाहन्छु कि आज मेरा आमा दिदीबहिनीको बलले देश अगाडि बढेको छ।" आज देश प्रगतिको बाटोमा छ, त्यसैले मेरा किसान दाजुभाइ दिदीबहिनीहरुको मिहिनेतले नै आज देश कृषि क्षेत्रमा अगाडि बढिरहेको छ । प्रधानमन्त्री मोदीले आज भारतमा सबैभन्दा बढी महिला पाइलट रहेको कुरा गर्वका साथ भन्न सकिन्छ ।

# पाँच टी-२० सिरिजमा वेष्टइन्डिजको कब्जा

बीबीसी

नयाँ दिल्ली । हार्दिक पाण्ड्याको कप्तानीमा रहेको भारतीय युवा क्रिकेट टोलीले वेस्ट इन्डिजसँगको ५ टी-२० सिरिज २-३ ले पराजित गरे पनि युवा खेलाडीले आफ्नो बलियो प्रदर्शनले भविष्यको चित्र प्रस्तुत गरेका छन् ।

वेस्ट इन्डिजको टोलीलाई क्रिकेटको छोटो फर्म्याटमा सबैभन्दा बलियो टोली मानिन्छ। टी-२० मा घरेलु पिचमा उनलाई हराउन सजिलो थिएन । तर, हार्दिक पाण्डेको कप्तानीमा रहेको भारतीय क्रिकेट टोलीले पहिलो पटक टी-२० सिरिज हारेको छ ।

सिरिज गुमाएपछि हार्दिक पाण्ड्याले भने, 'कहिलेकाहीँ हार्नु राम्रो हुन्छ । सकारात्मक पक्षमा, हामीले श्रृखलाबाट धेरै कुरा सिकेका छौं।" चौथो टी-२० खेलमा यशस्वी जैसवाल र शुभमन गिलले १६५ रनको कीर्तिमानी साझेदारी गरेका थिए । पहिलो विकेटका लागि सबैभन्दा ठूलो साझेदारीको कीर्तिमान रोहित शर्मा र केएल राहुलको नाममा छ । अहिले युवा खेलाडीले यो रेकर्डमा आफ्नो नाम लेखेर ठूलो सङ्केत दिएका छन् । मानौं भने- सिंहासन खाली गर, सिनियर खेलाडी हामी आएका छौं ।

पूर्व क्रिकेटर र वसिम जाफर जस्ता विज्ञहरू यशस्वी र शुभमनले यसै महिना हुने एसिया कप र अर्को वर्ष हुने टी-२० विश्वकपमा इनिङ्स ओपन गर्न चाहन्छन् ।

वरिष्ठ खेलाडीहरूको लागि ठाउँ खाली गर्ने समय?

त्यसैले रोहित शर्मा, विराट कोहली र रविचन्द्रन आश्विन जस्ता सिनियर खेलाडीहरूले राष्ट्रिय टी-२० टोलीबाट बाहिरिने र युवा खेलाडीहरूलाई मौका दिने समय आएको छ। यी तीनै खेलाडीले ३५ वर्ष नाघेका छन् वा नजिक छन् । तर, कार्यसम्पादनलाई उमेरले तौल्न सकिँदैन।

अष्ट्रेलियामा भएको अन्तिम टी-२० विश्वकप अघि पनि धेरै पूर्व खेलाडीहरूसँग मेरो कुराकानी भएको थियो। अफ द रेकर्ड, धेरै पूर्व क्रिकेटरहरूले भनेका थिए कि हामीले धेरै युवा टोलीलाई विश्वकपमा पठाउनुपर्छ। युवा टोली पठाइएको छैन। दिनेश कार्तिकलाई छनोट गर्नु र शुभमन गिललाई बेवास्ता गर्नुले सबैलाई चकित पारे। नतिजा भने भारतीय टोली सेमिफाइनलसम्म मात्रै पुग्न सकेको थियो ।

सन् २००७ मा भारतले पहिलो टी-२० उपाधि जित्दा त्यसको पछाडि टोलीका वरिष्ठ खेलाडीहरुको त्याग र सोच थियो । राहुल द्रविडले कप्तानी त्यागे र सौरभ गांगुली र सचिन तेन्दुलकरलाई पनि टोलीबाट फिर्ता लिन राजी गरे। यी तीनको सल्लाहमा झारखण्डका लामो कपाल भएका विकेटकिपर ब्याट्सम्यान महेन्द्र सिंह धोनीलाई कप्तान चयन गरिएको थियो । यो युवा टोली दुई हप्तापछि विश्व च्याम्पियन बनेको छ ।

क्रान्तिकारी परिवर्तनबिना एसिया कप वा दोस्रो पटक टी-२० विश्व च्याम्पियन बन्ने सपना पूरा हुन सक्दैन । जे होस्, यही वर्षको अक्टोबर-नोभेम्बरमा भारतमा हुने ५० ओभरको विश्वकपपछि भारतीय क्रिकेट टोलीमा 'स्विपिङ चेन्ज' हुने चर्चा छ ।

सूर्य कुमार यादवको आँधीबेहरी



भारत र वेस्ट इन्डिजबीचको टी-२० सिरिजमा निकलस पूरनले सर्वाधिक १७६ रन बनाएका थिए भने भारतबाट सिरिजमा तिलक वर्माले सर्वाधिक १७३ रन बनाएका थिए भने सूर्यकुमार यादवले ५ इनिङ्समा १६६ रन बनाएका थिए । बलिङतर्फ रोमारियो शेफर्डले ९ विकेट लिए भने अर्शदीप सिंहले ७ र कुलदीप यादवले ६ विकेट लिए ।

पाँचौं र निर्णायक खेलमा सूर्यकुमार यादवले ६१ रनको इनिङ्स खेले । उनले शृंखलामा दुई अर्धशतक बनाए र मुम्बईका यो ३६०-डिग्री शट हिटरले फेरि एकपटक प्रमाणित गरे कि किन उनी टी-२० विशेषज्ञ मानिन्छन्।

वेस्ट इन्डिज विरुद्धको शृंखलामा सूर्य कुमार यादव, यशस्वि जैसवाल र शुभमन गिल मात्रै होइनन्, अन्य खेलाडी पनि छन् जो आमूल परिवर्तनमा टोलीको स्तम्भ बन्न तयार छन् ।

तेस्रो खेलमा टी-२० विशेषज्ञ सूर्यकुमार यादव र तिलक वर्माको आँधीबेहरी ब्याटिङका अगाडि वेस्ट इन्डिजको टोली हावामा परालझैं उड्यो । सूर्यले ४४ बलमा ८३ र तिलक वर्माले ३७ बलमा ४९ रनको अविजित इनिङ्स खेल्दै टोलीलाई १७.५ ओभरमा जित दिलाए । सूर्यकुमार टी-२० क्रिकेटमा १०० छक्का प्रहार गर्ने तेस्रो भारतीय खेलाडी पनि बनेका छन् ।

प्रशिक्षक राहुल द्रविड भन्छन्, 'यशस्वी जैसवाल र तिलक वर्माले उत्कृष्ट डेब्यू गरे । दुवै खेलाडीले आइपिएलमा जसरी भूमिका खेल्दै आएका थिए, त्यसरी नै अन्तर राष्ट्रिय क्रिकेटमा पनि खेल्न सक्ने देखाउनुभयो ।

द्रविड खब्बु ब्याट्सम्यान तिलक वर्माबाट निकै प्रभावित छन् । तिलकले कठिन मोडमा टोलीलाई कठिन परिस्थितिबाट बाहिर निकाले। बायाँ हाते ब्याट्सम्यान मिडल अर्डरमा मुख्य भूमिका खेल्न तयार छन्। आफ्नो पहिलो खेलमा तिलकले आफू के बनेका थिए भनेर देखाए। भारतीय टिमको ब्याटिङ लाइनअप असफल हुँदा तिलकले दोस्रो बलमा छक्का प्रहार गरे । ब्याटिङपछि तिलक वर्माले बलिङमा पनि आफ्नो प्रतिभा देखाए । पार्टटाइम अफ स्पिनर तिलकले आफ्नो अन्तर राष्ट्रिय करियरको दोस्रो बलमा विकेट लिए। दोस्रो बलमा छक्का र दोस्रो बलमा विकेट।

तिलक वर्माको रूपमा लामो समयपछि भारतलाई आवश्यक पर्दा बलिङ गर्न सक्ने शीर्ष क्रमका ब्याट्सम्यान पाएका छन् । उनको पालामा सचिन तेन्दुलकर, वीरेन्द्र सहवाग र सौरभ गांगुली बलिङ गर्थे। रोहित शर्माले आईपीएलमा ह्याट्रिक समेत गरेका थिए ।

बिहारको गोपालगञ्जका फास्ट बलर मुकेश कुमारले पनि टीम इन्डियाको क्याप पाए र उनी निराश भएनन्।

भारतले ६ वर्षपछि वेस्ट इन्डिजसँग टी-२० सिरिज गुमाएको छ । सन् २०२२ को टी-२० विश्वकपमा भारतको हारपछि पाण्ड्याले कप्तानी गर्दै आएका थिए र अहिलेसम्म सबै सिरिज जितेका थिए । यो हारपछि इतिहासमा भारतले ५ खेलको द्विपक्षीय शृंखलामा कुनै टोलीसँग हार बेहोरेको यो पहिलो पटक हो।

खेलपछि कप्तानले दार्शनिक रुपमा भने, 'हामीले यो सिरिजबाट धेरै कुरा सिकेका छौं । राम्रो प्रदर्शन गर्ने खेलाडीहरूलाई बधाई छ। कहिलेकाहीँ हारे पनि राम्रो हुन्छ। हामीले पाँचौं र निर्णायक खेलमा पाएको गति गुमायौं। हामीसँग सुधार गर्ने समय छ। राम्रो गर्यो टीम इंडिया। हार र जीत भइरहन्छ। अर्को ट्वेण्टी विश्वकप यहीँ हुँदैछ। मलाई आशा छ कि यहाँ धेरै संख्यामा आगन्तुकहरू आउनेछन्।

यद्यपि हार्दिक पाण्ड्याले सिरिजमा बलियो प्रदर्शन गर्न सकेनन् । ५ खेलको ४ इनिङ्समा ब्याटिङ गर्दै उनले २५.६७ को औसत र ११० को स्ट्राइक रेटमा ७७ रन बनाए। यसबाहेक ४ विकेट लिए ।

अजित अग्रकरको नेतृत्वमा रहेको छनोट समिति टी-२० मा आमूल परिवर्तनका लागि तयार छ कि छैन भन्ने प्रश्न उठ्छ ? एसिया कपका लागि टोली घोषणा भएमा छनोटकर्ताको सोचको झलक पाउन सकिन्छ ।

# मस्को र प्योङ्याङबीचको सम्बन्ध अझ सघन बनाउन राष्ट्रपति पुटिनको आग्रह

एएफपी

मस्को । रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले मस्को र प्योङ्याङबीचको सम्बन्धलाई अझ सघन बनाउन उत्तर कोरियाली राष्ट्रपतिलाई आग्रह गर्नुभएको छ ।

उत्तर कोरियाको राष्ट्रिय स्वतन्त्रता दिवसका अवसरमा आफ्ना उत्तर कोरियाली समकक्षी किम जोङ अनलाई आज पठाउनु भएको बधाई सन्देशमा रुसी राष्ट्रपतिले मस्को र प्योङ्याङबीचको सम्बन्धलाई अझ सघन एवम् सुमधुर बनाउन आग्रह गर्नुभएको हो ।

क्रेमलिनले युक्रेनमा सेना तैनाथ गरेपछि र गत वर्षदेखि नै पश्चिमा मुलुकले शत्रुवत् व्यवहार गरेपछि रुस र उत्तर कोरिया एकजुट भएका छन् । यद्यपि दुवै देशमाथि पश्चि कठोर प्रतिबन्ध लगाउनका साथै अन्तरराष्ट्रिय समुदायबाटै एक्ल्याउने प्रयास गरेका छन् ।

"म विश्वस्त छु कि हामी कोरियाली प्रायद्वीप र समग्र उत्तरपूर्वी एसियाली क्षेत्रमा स्थायित्व सुरक्षा सुदृढ गर्ने तथा हाम्रा जनताको हितका लागि सबै क्षेत्रमा द्विपक्षीय सहयोगलाई निरन्तरता दिनेछौं," राष्ट्रपति पुटिनले पठाउनुभएको सन्देशमा भनिएको छ ।

गत महिना प्योङ्याङमा आफ्ना समकक्षी काङ सुन नामसँगको भेटमा उत्तर कोरियासँगको आफ्नो देशको साझेदारीलाई रक्षामन्त्री सर्गेई शोइगुले प्रशंसा गरेपछि रुसी नेताको यो भनाइ स्वतन्त्रता दिवसका सन्दर्भमा सार्वजनिक भएको छ ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले रुसी रक्षामन्त्री सैन्य सहयोग प्राप्त गर्ने चाहनाका साथ प्योङ्याङको भ्रमणमा गएको प्रतिक्रिया दिनुभएको थियो । उत्तर कोरियाबाट हतियारको आपूर्ति सुरक्षित गर्न रुसी रक्षामन्त्री प्योङ्याङ गएको अमेरिकाले बताएको थियो ।

# कोरिया, जापान र अमेरिकाबीच सुदृढ सुरक्षा सहयोगमा राष्ट्रपति युनको जोड

एपी

सोल । दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलले उत्तर कोरियाबाट उत्पन्न सुरक्षा चुनौती सामना गर्न कोरिया, जापान र अमेरिकाबीच सुदृढ सुरक्षा सहयोग हुनुपर्नेमा जोड दिनुभएको छ ।

क्याम्प डेभिडमा हुने आगामी शिखर वार्ताका सन्दर्भमा दक्षिण कोरियाका राष्ट्रपतिले उत्तर कोरियाको आणविक जोखिमलाई सम्बोधन गर्न अमेरिका र जापानसँग गहन सुरक्षा सहयोगको अपरिहार्य भएको बताउँदै अमेरिकी र जापानी नेतासँगको शिखर सम्मेलन त्रिपक्षीय सहयोग प्रवर्द्धनमा नयाँ कोसेढुङ्गा स्थापित हुने विश्वास व्यक्त गर्नुभएको छ ।

उत्तर कोरियाको बढ्दो आणविक हतियार परीक्षण र चीनले लागू गरेको आक्रामक विदेश नीतिको सामना गर्न तीनवटै देशले पारस्परिक सम्बन्धलाई सुदृढ बढाउन क्याम्प डेभिडमा त्रिपक्षीय शिखर सम्मेलन गर्न लागेका हुन् ।

बाइडेन प्रशासनका दुई जना वरिष्ठ अधिकारीका अनुसार आगामी शुक्रबार अमेरिकी राष्ट्रपतिको मेरिल्याण्डस्थित विश्रामगृहमा हुने शिखर सम्मेलनमा राष्ट्रपति जो बाइडेन, दक्षिण कोरियाली राष्ट्रपति युन र जापानी प्रधानमन्त्री फुमियो किशिदाले ब्यालिस्टिक मिसाइल प्रतिरक्षा र प्रविधि विकासमा विस्तारित सैन्य सहयोगको योजना घोषणा गर्ने अपेक्षा गरिएको छ ।

"क्याम्प डेभिडमा तीन दिनपछि हुने गणतन्त्र कोरिया-अमेरिका-जापान शिखर सम्मेलनले कोरियाली प्रायद्वीप र हिन्द प्रशान्त क्षेत्रमा शान्ति र समृद्धिमा योगदान पुऱ्याउने त्रिपक्षीय सहयोगमा नयाँ कोसेढुङ्गा कायम हुनेछ" स्वतन्त्रता दिवसका अवसरमा मङ्गलबार प्रसारित एक टेलिभिजन कार्यक्रममा राष्ट्रपति युनले भन्नुभएको छ ।

सन् १९४५ मा जापानको ३५ वर्षे औपनिवेशिक शासनबाट मुक्त भएको आफ्नो मुलुकलाई लिएर विगतमा दक्षिण कोरियाका राष्ट्रपतिले जापानको आलोचना गर्ने गरेकामा आज राष्ट्रपति युनले आपसी सहयोग बढाउने विषयलाई मुख्य मुद्दा बनाउनुभयो ।

उहाँले जापानलाई आफ्नो औपनिवेशिक गल्तीको लागि माफी माग्न आग्रह गर्नुभएन बरु सोल-वासिङ्टन र टोकियोबीचको सहयोगलाई बढावा दिने र सम्बन्ध सुधारका विषयलाई प्राथमिकता दिनुभयो ।

कोरिया र जापानबीच सुरक्षा तथा अर्थतन्त्रमा हुने सहकार्य र साझेदारीले विश्व शान्ति र समृद्धिमा संयुक्तरूपमा योगदान गर्नसक्ने बताउँदै कोरियाली राष्ट्रपतिले त्रिपक्षीय सुरक्षा सहयोगको महत्व निरन्ततर बढिरहेको बताउनुभएको छ ।

विगतका सबै वैमनस्यलाई बिर्सेर दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलले जापानलाई आफ्नो देशको मूल्यमान्यता र साझा हित प्रवर्द्धन गर्ने साझा 'साझेदार' का रुपमा चित्रण गर्नुभएको छ ।

औपनिवेशिक कालमा कोरियाली प्रायद्वीपमा जापानको क्रूर व्यवहार यौन दासत्व र जबरजस्ती श्रमजस्ता ऐतिहासिक मुद्दामा लामो समयदेखि दक्षिण कोरिया र जापानबीच विवाद भए पनि उत्तर कोरियाले सृजना गरेको चुनौतीका कारण दुवै देश आपसी साझेदारी र सहकार्यका निम्ति अग्रसर भएका छन् ।



व्यावसायिक रुपमा गरिएको बोडी खेतीमा कीटनाशक औषधि छर्किदैं कामदार । तस्बिरः रासस

# व्यापार नीतिमा महिलालाई मूल प्रवाहमा ल्याइँदै

काठमाण्डु । व्यापारसम्बन्धी नीतिमा महिलाहरूलाई प्रोत्साहित गर्न लैङ्गिक सोच अभिवृद्धिको खाँचो औँल्याइएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा युरोपियन युनियनको इयु नेपाल व्यापार तथा लगानी कार्यक्रम कार्यान्वयन गरिरहेको अन्तर्राष्ट्रिय व्यापार केन्द्र (आइटिसी) को सि-ट्रेड इनिसियटिभ्सको संयुक्त आयोजनामा भएको दुईदिने व्यापार तथा लैङ्गिक मूल प्रवाहीकरण कार्यशालामा सरोकारवालाहरूले सो विषयमा जोड दिएका हुन् ।

कार्यशालामा व्यापार नीतिहरूमा लैङ्गिक मूल प्रवाहलाई प्राथमिकता दिन नीति निर्माता एवं अन्य सरोकारवालाहरूलाई यसबारे बुझाउने र महिलासँग सम्बन्धित व्यावसायिक सङ्घहरूलाई यससम्बन्धी नीतिगत प्रस्तावहरू तयार गर्न आवश्यक परामर्श गरिएको थियो । सो अवसरमा आइटिसीद्वारा तयार पारिएको सि-ट्रेड आउटलुकले औँल्याएका विषयहरूबारे सम्बद्ध विज्ञ र सरकारी निकायका पदाधिकारी, महिला सङ्गठन र विकास साझेदार निकायका प्रतिनिधिहरूसँग छलफल गरिएको थियो ।

सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरूका लागि आफ्ना अनुभव र सिकेका पाठहरू आदानप्रदान गरिनाका साथै महिलाहरूको सहभागितालाई व्यापार व्यवसायमा प्रोत्साहित गर्ने उपायहरूको खोजी गरिएको थियो । महिला उद्यमीहरूलाई व्यापारको मूल प्रवाहमा ल्याउनका लागि कार्यशालामा महिलाहरूद्वारा नै तयार पारिने नीति दस्तावेजलाई नीति निर्माताहरूसमक्ष पेस गरी कार्यान्वयनका लागि पहल गरिने प्रतिबद्धता जनाइएको थियो ।

सो अवसरमा आइटिसीका उपकार्यकारी निर्देशक डोरोथी टेम्बोले यस कार्यशालाले व्यापारमा महिलाहरूको सहभागिता बढाउन अनुकूल वातावरण सिर्जना गर्ने र स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारमा महिलाको बढी पहुँचका लागि अवसर वृद्धि गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको बताउनुभयो । उहाँले लैङ्गिक उत्तरदायी र समावेशी व्यापार नीति नबनाई व्यापारमा महिलाको सहभागिता बढाउन सकिँदैन भन्नुभयो ।

नेपालका लागि इयु डेलिगेसनकी सहयोग उपप्रमुख इलोइसा अस्टुडिलो फर्नान्डेजले महिलाहरूलाई व्यापारको मूल प्रवाहीकरणमा ल्याउन नीतिगत सुधारका लागि प्रमुख सरोकारवाला निकायहरूबीच सामूहिक प्रयासहरू गर्नुपर्दछ भन्नुभयो । उहाँले समावेशी व्यापार नीति तर्जुमा र कार्यान्वयनले नेपालको अतिकम विकसित मुलुकको स्तरबाट दिगो स्तरोन्नति र दिगो विकास लक्ष्य हासिल गर्ने कार्यमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।रासस

# जलाशययुक्त आयोजना र प्रसारण लाइन निर्माणमा ध्यान केन्द्रित गर्दै सरकार

काठमाण्डु । सरकारले मुलुकको ऊर्जा क्षेत्रको दीर्घकालीन विकासलाई केन्द्रमा राखेर केही महत्वपूर्ण विषय अगाडि सारेको छ । ऊर्जा सुरक्षाका लागि जलाशययुक्त आयोजनाको निर्माण तथा विद्युत् खरिद सम्झौताको अवधि ५० वर्ष बनाउनेलगायतका प्रस्ताव अघि सारिएको छ ।

विद्युत् खरिद सम्झौतामा रहेको अन्यौलता हटाउन तथा 'विद्युत् खरिद-बिक्री सम्झौता गर्ने सम्बन्धमा नीतिगत व्यवस्थासम्बन्धी प्रतिवेदन, २०८० 'मा नयाँ व्यवस्थाको प्रस्ताव गरिएको हो । यसका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सञ्जिव देवको संयोजकत्वका गठित कार्यदलले प्रतिवेदन तयार पारिसकेको छ ।

संयोजक सहसचिव देवले लगानी तथा ऊर्जा सुरक्षालाई समेत ख्याल गरी पिपिए (विद्युत् खरिद सम्झौता) अवधि ५० वर्ष बनाउने प्रस्ताव गरिएको जानकारी दिनुभयो । यद्यपि, हालसम्म निजी क्षेत्रले अर्धजलाशय र जलाशय प्रकृतिका कुनै पनि आयोजनामा लगानी गरेका छैनन् ।

एकाध आयोजनालाई अर्धजलाशय प्रकृतिको उल्लेख गरेर लगानीकर्ताले पिपिएका लागि माग गरेका छन् । पिपिएका लागि माग गरिएका अधिकांश आयोजना समेत नदी प्रवाही प्रकृतिकै छन् । बर्षाको समयमा मात्रै पूर्णक्षमतामा विद्युत् उत्पादन गर्ने त्यस्ता आयोजना हिउँदमा भने न्यून क्षमतामा सञ्चालन भइरहेका छन् । सोही कारण सरकारको ध्यान अर्धजलाशय र जलाशययुक्त प्रकृतिका आयोजनामा केन्द्रित भएको हो ।

पिपिएको अवधिका सन्दर्भमा पनि कति समय दिइरहने भन्ने प्रश्न सरकारी पक्षको छ । विद्युत् व्यवस्थापन गर्ने निकायलाई कुन वर्ष कति मेगावाट बिजुली राष्ट्रिय प्रणालीमा थप हुन्छ भन्ने कुराको सुनिश्चितता आवश्यक हुन्छ । कोरोना महामारीको कारण देखाएर मात्रै अब छुट दिने वा अन्य कुनै विशेष व्यवस्था गर्ने सन्दर्भमा आवश्यक निर्णय हुन बाँकी छ । निजी क्षेत्रबाट करोडौं लगानी भइसकेका आयोजनाको पिपिए प्राथमिकतामा नपर्ने कुरा न्यायसंगत नहुने इपानको भनाइ छ ।

नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षका लागि सार्वजनिक गरेको मौद्रिक नीतिमा उर्जा क्षेत्रमा लगानीको सीमा नबढेको तथा विद्युत् आयोजना निर्माणमा ठूलो सङ्ख्यामा व्यवसायीको आगमन हुँदा लगानी सहज गर्नुपर्ने निजी क्षेत्रको माग छ ।

त्यसका लागि एक सय मेगावाट क्षमतासम्मका आयोजनाको हकमा पिपिए भएको तीन वर्षसम्म र एक सय मेगावाटदेखि पाँच सय मेगावाट क्षमतासम्मका आयोजनाको हकमा चार वर्ष समय तोक्नुपर्ने इपानको माग छ । यस्तै, पाँच सय मेगावाटभन्दा बढी क्षमताका आयोजनाको हकमा पाँच वर्षसम्म वित्तीय व्यवस्थापन गर्ने अवधि तोक्नुपर्ने उनीहरूको माग छ । हाल नेपालका निजी क्षेत्रले अधिकांश एक सय मेगावाट क्षमताका आयोजनामा मात्रै लगानी गरेका छन् ।



हालको अवस्थामा पिपिए नभएका आयोजनाको हकमा कोभिड महामारीको असर तथा पुँजी लगानीको अपर्याप्तताले आयोजनाको सर्भे लाइसेन्स तथा पिपिए खारेज गर्नु न्यायसंगत नभएका भन्दै एक वर्ष विशेष अवधि थप गर्नुपर्ने इपानले माग गरेको छ ।

कुनै कोरिडोरमा प्रसारण लाइनको क्षमता बाँकी भई विद्युत प्रसारण हुने अवस्था रहेमा त्यस क्षेत्रमा रहेको आयोजनाको पिपिए हुनुपर्नेमा इपानले जोड दिएको छ । त्यसका लागि सरकारले उत्तर-दक्षिण नदी करिडोरमा केन्द्रित छ वटा चार सय केभी क्षमताका प्रसारण लाइन निर्माणको तयारी थालेको छ । उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतका अनुसार भारतीय आयात निर्यात बैंक बाहेक कोरियाली आयात निर्यात बैंकसँग पनि प्रसारण लाइन निर्माणका विषयमा छलफल भइरहेको छ ।

प्रसारण लाइन निर्माणका लागि यसअघि भारतीय पक्षसँग त सहमति नै भइसकेको छ । यही साउन २५ गते सम्पन्न नेपाल भारतबीचको १०औँ एलओसी समीक्षा बैठकले पनि ढल्केबर-भित्तामोड चार सय केभी प्रसारण लाइन लगायत अन्य विद्युत प्रसारण पूर्वाधार विस्तारमा थप गति दिने निर्णय गरेको छ ।

यस्तै, भेरी कोरिडोर, निजगढ-इनरुवा, गण्डक नेपालगञ्ज प्रसारण लाइन र यी प्रसारण लाइनका सबस्टेसनको निर्माणका लागि एलओसी अन्तर्गत अनुमानित ६७ दशमलब ९८ करोड अमेरिकी डलर लगानी गर्न पनि भारत सरकार सहमत भएको छ ।

**जलाशययुक्त आयोजनामा जोड**

सरकारले बुढीगण्डकी, दुधकोशी, माथिल्लो अरुणलगायतका आयोजना अगाडि बढाउन खोज्नुको ध्येय पनि ऊर्जा सुरक्षा र हिउँदको माग परिपूर्ति गर्नु नै हो । यी आयोजना चालु आर्थिक वर्षमै शुरु गर्ने गरी आवश्यक तयारी सरकारले गरिरहेको छ ।

प्रधानमन्त्री प्रचण्डले सोमबार मात्रै गण्डकी गाउँपालिकाका पदाधिकारीसँगको भेटमा स्थानीयबासीको माग सम्बोधन गरेर छिट्टै बुढीगण्डकी जलविद्युत् आयोजनाको शिलान्याश गरिने प्रतिबद्धता जनाइसक्नुभएको छ ।

नेपाल विद्युत् प्राधिकरणले दुधकोशी अगाडि बढाउने तयारी गरेको छ भने माथिल्लो अरुणको पनि वित्तीय स्रोतको खोजी भइरहेको छ । माथिल्लो अरुणमा लगानी गर्न विश्व बैंक इच्छुक देखिएको छ । साथै आन्तरिक स्रोत व्यवस्थापनका लागि प्रयास भइरहेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव देव संयोजकत्वको प्रतिवेदनले १० मेगावाटसम्मका आयोजना स्वतन्त्र रूपमा 'क्यू' नराखी निर्माण गर्न दिन सुझाव दिएको छ ।रासस

# भरतपुर-बर्दघाट प्रसारण लाइन निर्माण सम्पन्न

काठमाण्डु । पूर्वको बिजुली पश्चिम नेपाल लैजान महत्वपूर्ण मानिएको भरतपुर-बर्दघाट दुई सय २० किलोभोल्ट (केभी) क्षमताको डबल सर्किट प्रसारण लाइन निर्माण सम्पन्न भएको छ ।

चितवनको भरतपुरबाट नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को बर्दघाटसम्मको सो प्रसारण लाइन निर्माणमा लामो समयदेखि समस्यामा थियो । चितवनको भरतपुर महानगरपालिका-११ आँपटारीस्थित नयाँ भरतपुर सबस्टेसनबाट सुरु भई नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)को बर्दघाट सबस्टेसनमा अन्त्य हुने ७४ किलोमिटर लम्बाइको दुई सय २० केभी डबल सर्किट प्रसारण लाइनको निर्माण सम्पन्न भएको हो ।

उक्त प्रसारण लाइनले एक हजार मेगावाटसम्म विद्युत् प्रवाह गर्न सक्छ । दुई सय २० केभी डबल सर्किट प्रसारण लाइनलाई सुरुमा एक सय ३२ केभीमा सञ्चालनमा ल्याइने छ ।

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले उक्त प्रसारण लाइन निर्माण सम्पन्न भएपछि भरतपुरबाट पश्चिमतर्फ विद्युत् प्रवाह गर्न थप सहज भएको बताउनुभयो । "प्रसारण लाइनको रुट परिवर्तन गर्न माग गर्दै स्थानीयको अवरोध, रुख कटानको समस्या, ठेकेदारको कमजोर कार्यसम्पादनलगायतका कारणले जीर्ण बनेको आयोजना निरन्तरको प्रयासपछि निर्माण सम्पन्न भएको छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो ।

भरतपुरबाट पश्चिमतर्फ विद्युत् प्रवाहका लागि हाल एक सय ३२ केभी सिङ्गल सर्किट मात्र थियो । उक्त लाइनको क्षमतालाई नधान्दा भरतपुरबाट पश्चिमतर्फ थप विद्युत् पठाउन समस्या भएको थियो । नयाँ प्रसारण लाइन दुई सय २० केभी लाइन निर्माण सम्पन्न भएपछि थप विद्युत् प्रवाहका लागि सहज हुने छ । यस्तै, भोल्टेजमा पनि सुधार हुने छ ।

अब भरतपुरबाट बर्दघाटसम्म विद्युत् पठाउनका लागि पुरानोसहित तीन वटा सर्किट भएका छन् । कूल दुई सय २० केभीको लाइनलाई हाल एक सय ३२ केभीमा चार्ज गर्दा एउटा सर्किटबाट एक सय ७० मेगावाटसम्म विद्युत् प्रवाह हुन सक्छ । पुरानो सिङ्गल सर्किटबाट करिब ९० मेगावाटसम्म विद्युत् प्रवाह भइरहेको थियो ।

बर्दघाटबाट नवलपरासीको सुनवल नगरपालिका-१३ भूमहीस्थित नयाँ बुटवल सबस्टेसनसम्मको दुई सय २० केभी प्रसारण लाइन निर्माणाधीन छ । उक्त लाइन आगामी पुसभित्र सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको छ । त्यसपछि हेटौंडाबाट नयाँ बुटवल सबस्टेसम्म दुई सय २० केभी प्रसारण लाइन जोडिने छ ।

भरतपुर-बर्दघाट प्रसारण लाइनको लम्बाइ ७४ किलोमिटर छ । प्रसारण लाइनमा २४६ वटा टावर छन् । आयोजना निर्माणका लागि सेन्ट्रल चाइना पावर ग्रीड इन्टरनेशनल इकोनमिक एण्ड ट्रेड कम्पनीसँग २०६७ कात्तिकमा ठेक्का सम्झौता भएको थियो ।

कार्यसम्पादन सन्तोषजनक नभएपछि उक्त कम्पनीसँगको ठेक्का सम्झौता २०७४ जेठमा रद्द गरी प्राधिकरणले बाँकी काम गर्न नयाँ टेण्डर गरेको थियो । बाँकी रहेको काम गर्न चिनियाँ कम्पनी हेङटन अप्टिक्स् इलेक्ट्रिकसँग २०७५ मा ठेक्का सम्झौता भएको थियो ।रासस

# नेप्से परिसूचक ३१ दशमलव ८० अङ्कले घट्यो

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३१ दशमलव ८० अङ्कले घटेर दुई हजार ४५ दशमलव ४४ अङ्कमा झरेको छ ।

मंगलबार विभिन्न कम्पनीका दुई सय ७८ कम्पनीको ५६ लाख तीन हजार एक सय ७९ कित्ता शेयर ६१ हजार तीन सय ४१ पटक खरिदबिक्री हुँदा रू दुई अर्ब १५ करोड ७३ लाख १२ हजार तीन सय ६९ बराबरको कारोबार भएको छ ।

मंगलबारको कारोबारपछि म्युचुअल फन्ड समूहको उपसूचक चार दशमलव २८ अङ्कले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह दुई सय ४२ दशमलव ७० र जीवन बीमा समूह दुई सय चार दशमलव २८ अङ्कले घटेको छ ।

बैंकिङ ११ दशमलव ९७, विकास बैंक ७३ दशमलव १८, वित्त ३९ दशमलव ८४, होटल तथा पर्यटन एक सय २३ दशमलव ६९ र जलविद्युत् ५१ दशमलव ३३ अङ्कले घटेको छ । लगानी समूह शून्य दशमलव ८१, लघुवित्त ४० दशमलव १६, निर्जीवन बीमा एक सय ८४ दशमलव २१, व्यापार १४ दशमलव ४१ र अन्य समूहको उपसूचक १३ दशमलव ८९ अङ्कले घटेको छ ।

मंगलबारको कारोबारपछि इमर्जिङ नेपाल लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै पाँच दशमलव १८ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा हिमालयन डिस्टिलरी लिमिटेडको शेयर मूल्य सात दशमलव ६९ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धेरै हिमालयन डिस्टिलरी लिमिटेडको रू २० करोड ५५ लाख ९४ हजार ३२ बराबरको शेयर किनबेच भएको छ । किनबेच भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै शिवम् सिमेन्टको तीन लाख २५ हजार दुई सय ३५ कित्ता किनबेच भएको छ । रासस


**सर्लाही जिल्ला साविक सकौल गा.वि.स. वडा नं. ७ परिवर्तित ब्रह्मपुरी गाउँपालिका वडा नं. ३ मा बस्ने रामबालक सिंहको लगायत २ जनाको नाममा जिल्ला सर्लाही साविक धनकौल (पु.) गा.वि.स. वडा नं. ४ र परिवर्तित हरिपुर्वा नगरपालिका वडा नं. ३ मा श्री श्याम भेनियर उद्योग संचालन गर्नका लागि साविक धनकौल गा.वि.स. वडा नं. ४ (क) र परिवर्तित हरिपुर्वा नगरपालिका वडा नं. ३ को कित्ता नं. १४ जग्गाको कुल क्षेत्रफल ०-१७-१३ (विगहा-कठ्ठा-धुर) मा श्री श्याम भेनियर उद्योगको नामबाट संचालन गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धीको**

## सार्वजनिक सूचना

**प्रकाशित मिति २०८०/०४/३१**

मधेश प्रदेश सर्लाही जिल्ला हरिपुर्वा नगरपालिका वडा नं. ३ मा निमार्ण तथा संचालन हुने श्री श्याम भेनियर उद्योग द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावको नामः** | श्री श्याम भेनियर उद्योगको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी । |
| **प्रस्तावकको नाम र ठेगानाः** | श्री श्याम भेनियर उद्योग, हरिपुर्वा नगरपालिका-३, सर्लाही |
| **प्रस्तावकको व्यहोराः** | भेनियर उत्पादन गर्ने । |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा.** | सर्लाही जिल्ला हरिपुर्वा नगरपालिका-३ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारबाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **जिल्ला स्थित सम्बन्धीत उद्योग कार्यालयको नाम र ठेगानाः** | घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा सर्लाही । सम्पर्क नं.: ०४६-५२०१८६ इमेलः dcsisarlahi@gmail.com |
| **सम्बन्धीत वडाको नाम र ठेगानाः** | ३ नं. वडा कार्यालय, हरिपुर्वा नगरपालिका, सर्लाही |
| **प्रस्तावकको नाम र ठेगानाः** | श्री श्याम भेनियर उद्योग, कविलासी नगरपालिका-७, सर्लाही । सम्पर्क व्यक्तिः राम बालक सिंह |
| **परामर्शदाताको नाम र ठेगानाः** | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि. विरगंज-१६, पर्सा । सम्पर्क व्यक्ति- शम्भु प्रसाद चौरसिया इमेलः shambhuprasadchaurasia@gmail.com |



**सर्लाही जिल्ला साविक हरिवन गा.वि.स. वडा नं. ९ र परिवर्तित हरिवन नगरपालिका वडा नं. ९ मा बस्ने लालबाबु दास कथवनिया लगायत ५ जनाको नाममा जिल्ला सर्लाही साविक कविलासी गा.वि.स. वडा नं. ८ र परिवर्तित कविलासी नगरपालिका वडा नं. ७ मा शुभ श्री प्लाईवुड ईण्डष्ट्रिज प्रा.लि. उद्योग संचालन गर्नका लागि साविक कविलासी गा.वि.स. वडा नं. ८ (ख) र परिवर्तित कविलासी नगरपालिका वडा नं. ७ को कित्ता नं. ७९१, ७९२, ७८९, ७८८ र ७९० (क्रमशः ०-११-१०, ०-१०-०, ०-४-०, ०-४-० र ०-२-०) जग्गाको कुल क्षेत्रफल १-११-१० (विगहा-कठ्ठा-धुर) मा शुभ श्री प्लाईवुड ईण्डष्ट्रिज प्रा.लि. उद्योगको नामबाट संचालन गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धीको**

## सार्वजनिक सूचना

**प्रकाशित मिति २०८०/०४/३१**

मधेश प्रदेश सर्लाही जिल्ला कविलासी नगरपालिका वडा नं. ७ मा निमार्ण तथा संचालन हुने शुभ श्री प्लाईवुड ईण्डष्ट्रिज प्रा.लि. उद्योग द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावको नामः** | शुभ श्री प्लाईवुड ईण्डष्ट्रिज प्रा.लि. उद्योगको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी । |
| **प्रस्तावकको नाम र ठेगानाः** | शुभ श्री प्लाईवुड ईण्डष्ट्रिज प्रा.लि. उद्योग, कविलासी नगरपालिका-७, सर्लाही |
| **प्रस्तावकको व्यहोराः** | भेनियर, प्लाईवुड, प्लाईबोर्ड आदी उत्पादन गर्ने । |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा.** | सर्लाही जिल्ला कविलासी नगरपालिका-७ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारबाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **जिल्ला स्थित सम्बन्धीत उद्योग कार्यालयको नाम र ठेगानाः** | घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा सर्लाही । सम्पर्क नं.: ०४६-५२०१८६ इमेलः dcsisarlahi@gmail.com |
| **सम्बन्धीत वडाको नाम र ठेगानाः** | ७ नं. वडा कार्यालय, कविलासी नगरपालिका, सर्लाही |
| **प्रस्तावकको नाम र ठेगानाः** | शुभ श्री प्लाईवुड ईण्डष्ट्रिज प्रा.लि. उद्योग, कविलासी नगरपालिका-७, सर्लाही । सम्पर्क व्यक्तिः लालबाबु दास कथवनिया |
| **परामर्शदाताको नाम र ठेगानाः** | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि. विरगंज-१६, पर्सा । सम्पर्क व्यक्ति- शम्भु प्रसाद चौरसिया इमेलः shambhuprasadchaurasia@gmail.com |

# भारत सरकारद्वारा डिपीआर माग

टुडे समाचारदाता

जनकपुरधाम । भारत सरकारले रामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रङ्गशाला निर्माणका लागि डिपीआर माग गरेपछि जनकपुधामका स्थानीय बासिन्दा हर्षित भएका छन् ।

स्थानीय बासिन्दा भन्छन्,'जनकपुरधाम जस्तो ऐतिहासिक धार्मिक सहरमा रामजानकी बहुउद्देश्यीय अन्तर ाष्ट्रिय रङ्गशाला निर्माण हुनु भनेको प्रदेश र देशकै लागि गौरवको विषय हो ।'

धनुष आकारको अन्तर्राष्ट्रिय रङ्गशाला निर्माण अभियानमा वर्षौंदेखि लागेका अभियन्ता दिनेश पुर्वेको सपना पूरा हुने लगभग पक्कापक्की भएको छ ।

'१४ वर्षको अथक प्रयासपछि रङ्गशाला बन्ने छाँटकाट देखिएपछि खुशीको सीमा छैन," उनी भन्छन्,'वि.सं २०६६ सालदेखि मैले गरेको प्रयासले एउटा दिशा पाएको छ, भारत सरकारले रङ्गशाला निर्माणका लागि डिपिआर माग गरेको छ ।' त्यसका लागि मधेश प्रदेश सरकारले दुई करोड रुपैयाँ बजेट छुट्याएको पुर्वेले जानकारी दिए ।

जनकपुरधाम उपमहानगरपालिका वडा-१४ स्थित रामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रङ्गशाला निर्माणमा प्रदेश सरकार, स्थानीय सरकार, स्थानीयवासी, खेलप्रेमी तथा समाजका अगुवाको पनि महत्वपूर्ण भूमिका रहेको पुर्वेको कथन छ ।

उनले यस रङ्गशालाले विदेशी पर्यटकलाई जनकपुरधाममा लामो समय रोक्न सकिन्छ, त्यसले गर्दा यहाँ रोजगारी सिर्जना हुन्छ । आर्थिक रूपमा देशलाई सबल बनाउने एउटा पाटो रङ्गशाला पनि छ बताए ।



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ०७५ वैशाख २७ गते जनकपुरधाम भ्रमणका बेला बाह्र बिघा मैदानमा नागरिक अभिनन्दन कार्यक्रममा जनकपुरधामलाई धार्मिक तथा सांस्कृतिक रूपमा विकास गर्न एक सय करोड रुपैयाँ स्वेच्छिक रूपमा अनुदान दिने घोषणा गरेको थियो ।

> भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ०७५ वैशाख २७ गते जनकपुरधाम भ्रमणका बेला बाह्र बिघा मैदानमा नागरिक अभिनन्दन कार्यक्रममा जनकपुरधामलाई धार्मिक तथा सांस्कृतिक रूपमा विकास गर्न एक सय करोड रुपैयाँ स्वेच्छिक रूपमा अनुदान दिने घोषणा गरेको थियो ।

सोही अनुदानको रकम रामजानकी अन्तर्राष्ट्रिय रङ्गशाला निर्माणका लागि भारत सरकारले डिपीआर माग गरेको छ ।

केही दिनअघि मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले रङ्गशाला निर्माण स्थल निरीक्षण गर्ने क्रममा भारतीय प्रधानमन्त्री मोदीले घोषणा गरेको अनुदान रकमले रङ्गशाला निर्माण गरिने घोषणा गरेका थिए ।

सोही अनुरूप मुख्यमन्त्री यादवले साउन ६ गते भारतीय राजदूत नवीन श्रीवास्तवसँग भेट गरी रामजानकी रङ्गशाला निर्माणका लागि छलफलसमेत गरेको थिएयो।

प्रदेश सरकारले डीपीआर तयार गरेर भारतीय दुतावासमार्फत भारत सरकारसमक्ष पेश गरेपछि प्रतिवेदन अनुसार थप आवश्यक लगानी पनि भारत सरकारले गर्ने प्रतिबद्धता राजदूत श्रीवास्तवले जनाएको अभियन्ता पुर्वेले जानकारी दिए ।

स्थानीय तथा राजनीतिकर्मीले गुठी संस्थानको १७ बिघा जग्गामा रङ्गशाला निर्माण गर्ने निर्णय गरेका थिए ।

सोही अनुसार २०७२ वैशाख १२ गते सर्वपक्षीय, सर्वदलीय बैठकबाट रङ्गशाला निर्माणका लागि भाडामा जग्गा लिन गुठी संस्थान प्रधान कार्यालय काठमाण्डुलाई अनुरोध गरिएको थियो ।

गुठी संस्थान प्रधान कार्यालयका कार्यकारी प्रशासकीय अधिकृत नारायण चौधरी र राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव केशवकुमार विष्टबिच गुठी संस्थानको उक्त जग्गा लिजमा दिने तथा भोगाधिकारको सम्झौता भएको थियो ।

रङ्गशाला निर्माणका लागि ०७४ मङ्सिर ३ गते राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले तीन वर्षभित्र निर्माण सम्पन्न गर्न जनकपुरधामस्थित लक्ष्मण मन्दिरको १७ बिघा जग्गा ३० वर्षका लागि लिजमा लिएको थियो ।

भारतीय महावाणिज्य दुतावासले धुमधाम साथ मनायो ७७औं स्वतन्त्रता दिवस

# मधेश कुनै पनि हालतमा भारत विरोधी हुन सक्दैन : मुख्यमन्त्री यादव

टुडे समाचारदाता

बीरगञ्ज । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले नेपाल भारत बीचको सम्बन्ध प्रगाढ रहेको बताएका छन् । भारतको ७७ औं स्वतन्त्रता दिवसको अवसरमा शुभकामना मन्तव्य व्यक्त गर्दै सिमाले नेपाल भारत दुइ देश भएपनि दुबै देश बीच अनुयाश्रीत सम्बन्ध रहेको बताए ।

वीरगञ्ज स्थित भारतीय महाबाणिज्य दुतावासले आयोजना गरेको ७७ औ स्वतन्त्रता दिवस कार्यक्रमको प्रमुख अतिथिको रुपमा शुभकामना मन्तव्य व्यक्त गर्दै मुख्यमन्त्री यादवले विभिन्न आरोह अवरोह पार गर्दै भारत विश्व शक्ति पथमा दृढरुपले अगाडि बढेकोमा आग्रीम शुभकामना दिए ।

उनले भारतको बिरोधमा मधेश वा मधेशी जनताद्वारा कुनै प्रकारको कार्यनहुने स्पष्ट पार्दै नेपालको मधेशीहरु भारतको ठूलो समर्थक रहेको दाबी गरे । उनले नेपाल भारत बीच रहेको बेटी रोटीको सम्बन्ध बताउँदै नेपालमा भारतको सबै भन्दा ठूलो समर्थक नै मेधशी जनता रहेको बताए ।

भारतीय स्वतन्त्रता आन्दोलनमा नेपाली नेताहरु र नेपालको प्रजातान्त्रिक, गणतान्त्रिक र मधेश आन्दोलनमा भारतीय नेताहरुको समर्थनले नै दुबै देशको जनता पूर्ण स्वतन्त्रता प्राप्त गरेको मुख्यमन्त्री यादवको भनाइ थियो ।

वीरगञ्ज स्थित भारतीय महावाणिज्य दूतावास परिसरमा आयोजित स्वतन्त्रता दिवस कार्यक्रममा मुख्यमन्त्री यादव र भारतीय महावाणिज्य दुत नितेश कुमारले नेपाल भारत मैत्रीको सेम्बोलीक बैलुनका गुच्छाहरु संयुक्तरुपमा उडाएका थिए ।



सो अवसरमा महाबाणिज्य दुत कुमारले राष्ट्रिय झण्डाफहराए पछि राष्ट्रिय गान सहित समारोहको सुरुवात गरेका थिए । भारतका राष्ट्रपतिले राष्ट्रका नाममा गरेको सम्बोधन महाबाणिज्य दुत कुमारले पढेर कार्यक्रममा सुनाएका थिए ।

मधेश प्रदेशका गृह तथा सञ्चार मन्त्री शमीम, अर्थ मन्त्री संजय कुमार यादव, स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र कुमार सिंह, मन्त्री सुरीता साह, श्रम मन्त्री चन्दन सिंह, सांसद अजय चौरसिया, वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेश मान सिंह, जनकपुरधाम उप महानगरपालिकाका नगर प्रमुख मनोज कुमार साह लगायतका नेताहरु कार्यक्रममा विशिष्ट अतिथिहरुको उपस्थिति रहेका थिए । यसका साथै नेपाल र भारत सरकारका उच्च पदाधिकारी अधिकारी, बीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल अग्रवाल र मधेश प्रदेशका अध्यक्ष अशोक टेमानी, नागरिक समाजका सदस्यहरु, पत्रकार, विद्यालयका प्रधानाध्यापक तथा शिक्षक, इन्जिनियरिङ संघका सदस्य, वाणिज्य दूतावासका पदाधिकारी/अधिकारीहरुको उलेख्खनीय सहभागीता रहेको थियो भने उक्त कार्यक्रमको संचालन दुतावासका सांकृती तथा मिडिया कन्सुल शशिभूषण कुमारले गरेका थिए ।

स्वतन्त्रता दिवस समारोह कार्यक्रममा वीरगञ्ज तथा जनकपुरका १५ भन्दा बढी विद्यालयहरूका विद्यार्थीहरुले विभिन्न मनमोहक सांस्कृतिक कार्यक्रमहरु प्रस्तुत गरेका थिए ।

# निजी स्वार्थका कारण हिन्दू राष्ट्रको उपाधि ध्वस्त : उपाध्यक्ष तामाङ्ग

टुडे समाचारदाता

राजविराज । राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ उपाध्यक्ष बुद्धिमान तामाङ्गले हिन्दू राष्ट्रको उपाधिलाई ठूला दल भनाउदाहरुले आफ्नो राजनीतिक स्वार्थका लागि खाइ (खोशी ) दिएको बताएका छन् ।

मंगलबार राष्ट्रिय प्रजातन्त्र पार्टी जिल्ला कार्य समिति सप्तरीद्वारा आयोजित जिल्ला स्तरीय अगुवा कार्यकर्ता भेलामा उनले यस्तो कुरा बताएका छन् ।

'मुलुकमा देखिएको विचलित अवस्थालाई मध्यनजर गर्दै अभिभावकका रुपमा राजतन्त्र आवश्यक छ, उनले भने-त्यसैले राष्ट्रिय प्रजातन्त्र पार्टी राजतन्त्रको पक्षमा वकालत गर्दै आएको छ ।'

पृथ्वी नारायण शाहले एकीकरण गरेको नेपाललाई एतिहासिक उपलब्धिको संज्ञा दिदै देशका सम्पूर्ण जनताबीच भावनात्मक एकताका लागि समेत राजतन्त्र अपरिहार्य रहेको बताए ।

संसारका कैयौं देश इश्लामिक,कृश्चियन तथा केही बौद्ध धर्मसीत सम्बन्धित रहे पनि विश्वको तेश्रो ठूलो हिन्दू जनसंख्या रहेको मुलुकलाई दृष्टिगत गरी नेपाललाई हिन्दू राष्ट्र बनाउनुपर्ने उनको जीकिर छ ।




उनले संसारमा झण्डै २ सय राष्ट्र भए पनि दुई तिहाइ हिन्दू धर्मावलम्बी वसोवास गर्ने देश नेपाल नै भएकाले यसलाइ हिन्दू राष्ट्र बन्नबाट रोक्नु अन्याय नै भएको बताए ।

कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी प्रवेश गरेका १ सय ३२ जना नव प्रवेशीहरुलाई वरिष्ठ उपाध्यक्ष तमाङ्गले फूलमाला लगाएर स्वागत गरेका थिए ।

राप्रपाका जिल्ला अध्यक्ष उम्देश्वर प्रसाद साहको अध्यक्षतामा आयोजित कार्यक्रममा राष्ट्रिय प्रजातन्त्र पार्टीका तराई मधेश संयोजक राम प्रसाद साह, केन्द्रीय सदस्य शत्रुघन महासेठ, जया महतो, द्रोपती चौधरी, प्रदेश सांसद कञ्चन विच्छा, प्रदेश समिति सदस्य विनोद पाण्डे, नागेन्द्र प्रसाद साह, श्रवण बलम पण्डि लगायतले पनि आ-आफ्नो धारणा राखेका थिए ।

# पर्यटकलाई रोक्न सक्नुपर्ने योजना ल्याउनु पर्छ : मन्त्री यादव

टुडे समाचारदाता

जनकपुरधाम । उद्योग बाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादवले मधेश प्रदेशमा पर्यटकीय सम्भावना रहेपनि यहाँ पर्यटकलाई रोकेर राख्न सक्नु पर्ने अवधारणा आउनुपर्ने बताएका छन् । यहाँका होटल देखि खाना सम्म महँगो रहेका कारण सीमा क्षेत्रका पर्यटकहरुलाई रोकि राख्न समस्या भई रहेको बताइन् ।

'यहाँका होटलहरु महँगो र खानामा पनि चर्को रेट लिने गरिएको छ' मन्त्रि यादवले भनिन्- 'सिमा क्षेत्रका पर्यटकहरु आफ्नै खाना बोकेर आउँछन्, खान्छन् अनि जान्छन् ।' हामी आफ्नो संस्कृतिको पहिचान गर्न नसकेको बताउँदै मन्त्री यादवले मैथिली, थारु लगायतका संस्कृतिको बारेमा सचेतना फैलाउन आग्रह गरिन् । पर्यटकलाई आकर्षित गर्ने खालको योजना ल्याउनु पर्ने बताए । जानकी मन्दिरलाई पहिलानै विश्व सम्पदा सूचिमा सूचिकृत गरिसक्नु पर्ने थियो तर, अहिले सम्म हुन नसक्नु दुःखद रहेको उनले बताइन् ।




ईन्सियोर प्रोजेक्ट अन्तर्गत मधेस प्रदेशमा होटेल हस्पिटालिटी ट्रेनिङ हुने सम्वन्धमा भएको कार्यक्रममा मन्त्री यादवले सो कुरा बताइन् । यहाँका होटल व्यवसाय सञ्चालनमा टेवा पुर्याउन सो ट्रेनिङ्ग हुने जनाइएको छ । हेल्भेटास को प्राविधिक सहयोग र होटेल संघ मधेश नेपाल र होटेल संघ मधेशआयोजनामा जनकपुरधाममा सम्पन्न सेन्सिटाईजेसन प्रोग्राममा उक्त ट्रेनिङ हुन गईरहेको जानकारी गराईएको छ ।

सम्भवतः यहि भदौ महिनादेखि जनकपुरधाममा सुरु हुने उक्त ट्रेनिङमा ४० जना एसईई उतिर्ण वा सो १० कक्षासम्म पढ्दै गरेको वा पढेर पढाई छाडेकाहरुका लागि उक्त टेनिङ प्रदान गरिने होटल संघ नेपालका कोषाध्यक्ष युवराज श्रेष्ठले जानकारी दिए । उनले यस ट्रेनिङमा सहभागी विद्यार्थीले ४ महिना थियोरेटिकल क्लास गर्नुपने र तत्पश्चात २० महिना मधेश प्रदेशका विभिन्न ख्याती प्राप्त होटेलमा प्रयाक्टिकल गर्ने मौका पाउने बताए ।

उनले प्रयाटिकल अवधि (२०) महिनामा विभिन्न शिप सिक्नुको साथै विद्यार्थीहरुले नेपाल सरहकारले तोकेको न्यूनतम ज्यालाको २५ प्रतिसत रकम मासिक रुपमा पाउने समेत जानकारी दिए । ट्रेनिङ समापन भए पश्चात उत्तकृष्ट विद्यार्थीहरुले उक्त होटेलमै प्लेसमेन्ट पाउने अवसर पाउनुका साथै, सर्टिफिकेट समेत पाउने उनले बताए । उक्त सर्टिफिकेटले देश भित्रै र देश बाहिर समेत काम गर्न सजिलो र राम्रो ज्याला पाउने उनले बताए ।

सो अवसरमा होटेल एशोसिएसन मधेश प्रदेशका अध्यक्ष विजय झुनझुनवालाले अहिलेको समयमा होटेल व्यवसायहरुले स्कील्ड मेनपावर पाउन नसकेको समयमा यस किसिमको ट्रेनिङले आफ्नै प्रदेशमा जनशक्ति उत्पादनमा मदत गर्ने विश्वास व्यक्त गरे । उनले होटेल व्यवसायीले पर्यटकलाई आकर्षित गर्न महत्वपूर्ण भूमिका खेल्ने गरेकोले यसतर्फ प्रदेश सरकारलाई ध्यान दिन आग्रह गरे ।

# लागूऔषधसहित दुई महिला पक्राउ

टुडे समाचारदाता

लहान । प्रहरीले प्रतिबन्धित लागूऔषधसहित सिरहामा दुईजना महिला पक्राउ परेकी छन् ।

सिरहा नगरपालिका- १४ खिरौना लच्का स्थित माडर सिरहा सडक खण्डमा प्रहरी चौकी खिरौना सिरहाबाट खटिएको चेकिङ टोलीले यात्रु बाहक अटो रिक्सालाई चेकजाँच गर्दा सोहीमा सवार दुईजनालाई लागूऔषधसहित नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।



पक्राउ पर्नेमा सप्तरीको खडक नगरपालिका- ५ रञ्जितपुर टोलका २५ वर्षीया निरा कुमारी चौधरी र सिरहा १७ खैरटोकाका ३० वर्षीया नमिमा खातुन रहेको प्रवक्ता प्रहरी नायव उपरीक्षक रविन्द्र राज पाण्डेले जानकारी दिए।

निराले बोकेको ह्यण्ड ब्याग भित्र लुकाइ छिपाइ ल्याएको लागूऔषध नाईट्रोभेट १० लेखिएको २० पता ९६०० पिस ट्याब्लेट०, नेपाली रुपैयाँ २ हजार ८०५ र ३ थान मोबाइल बरामद गरिएको छ भने खातुनको साथबाट ३१ हजार ५ सय रुपैयाँ र १ थान मोबाईल बरामद गरिएको प्रहरीले जनाएका छन्।

यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# शिक्षक विद्यालय कर्मचारीले कालो पट्टी बाँधेर कामकाज गर्दै

टुडे समाचारदाता

राजविराज । शिक्षा ऐनको मस्यौदा तथा सरकारसंग विगतमा भएको ३० र ५१ बुंदे सहमतिमा सुधार माग्दै मंगलबार सप्तरीका शिक्षक र विद्यालय कर्मचारी सदरमुकाम राजविराज स्थित जिल्ला शिक्षा विकास समन्वय एकाइ शाखामा धर्नामा बसेका छन् ।

कार्यालयको मूल गेट मै १८ वटै पालिकाबाट आएका शिक्षक र विद्यालय कर्मचारी धर्नामा वसेपछि कार्यालयको कामकाज ठप्प भयो भने जिल्लाभरका सरकारी विद्यालयको पठनपाठन प्रभावित बनेको छ ।




जिल्ला स्थित शिक्षक महासंघको अगुवाइमा विहान ११ बजे देखि ३ बजे सम्म धर्ना कार्यक्रम गरिएको छ ।

यस अघि २८ साउनमा सम्बन्धित पालिका मै ४ घण्टा धर्ना तथा पालिका प्रमुखमार्फत आफूहरुको जायज माग सम्बोधन गर्न सरकारलाई ध्यानाकर्षण पत्र पठाउँदा पनि कुनै सुनुवाइ नभएकाले आन्दोलनलाई निरन्तरता दिइएको शिक्षक महासंघ सप्तरीका अध्यक्ष दिनेश प्रसाद यादवले बताए ।

उनले अहिले सार्वजनिक भएको विद्यालय शिक्षा ऐन २०८० को मस्यौदामा रहेका केही दफाहरु संविधान प्रदत ट्रेड युनियन अधिकार, शिक्षक-कर्मचारीको पेशागत सुरक्षा र स्वभिमानको खिलाफ रहेको बताए ।

मस्यौदामा नेपाल शिक्षक महासंघ र नेपाल सरकारबीच भएको ३० र ५१ बुंदे सहमतीमा शिक्षक र विद्यालय कर्मचारीको सबै मुद्दा उचित ढंगले समेटिन न सकिएको आन्दोलनरत शिक्षक र कर्मचारीको कथन छ ।

विद्यालय शिक्षा ऐन २०८० को मस्यौदाले स्थायी, अस्थायी, करार, राहत, साविक उमावी, बालकक्षा, विषेश कक्षा, शिक्षण शिकाइ, अनुदान प्राविधिकधार, संस्थागत विद्यालय शिक्षकलगायत सबै खाले शिक्षक र विद्यालय कर्मचारीका धेरै माग मुद्दाको सम्बोधन हुन नसकेको उनीहरुको कथन छ ।

मधेश प्रदेश क्रिकेट संघको
दोश्रो साधारण सभा तथा अधिवेशन सम्बन्धी सूचना
(प्रकाशित मिति : २०८०।०४।३१)
नेपाल क्रिकेट संघको विधान अनुसार आगामी २०८० साल भाद्र ९ गते, शनिवारका दिन बिहान ८ बजे, करनराज प्यालेस, कलैया, बारामा मधेश प्रदेश क्रिकेट संघको दोश्रो साधारण सभा तथा अधिवेशन बस्ने भएकोले सम्पूर्ण साधारण सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।
भवदिय
मधेश प्रदेश क्रिकेट संघ
धनुषा, नेपाल

